प्रदेश सभा
गण्डकी प्रदेश
दशौं अधिवेशन
(एघारौं बैठक)
कार्यवाहीको सम्पूर्ण विवरण
मिति :- २०७९।०२।२९गते

प्रदेश सभा, गण्डकी प्रदेशको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा दिनको ११ बजेर २१ मिनेटमा प्रारम्भ भयो ।

माननीय सभामुख

माननीय सदस्यहरू, आजको वैठकको कार्यवाही प्रारम्भ हुन्छ ।माननीय सदस्यहरू, अब मिति २०७९ साल जेठ २४ गते माननीय प्रदेश प्रमुखज्यूबाट सभा समक्ष प्रस्तुत गर्नुभएको प्रदेश सरकारको आर्थिक बर्ष २०७९/८० को नीति तथा कार्यक्रम माथिको बाँकी छलफल प्रारम्भ हुन्छ । माननीय सदस्यहरुलाई छलफलको लागि १० मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्नु हुन अनुरोध गर्दछु। सर्वप्रथम माननीय सदस्य श्री रोशन बहादुर गाहा थापालाई छलफलमा भाग लिन समय दिन्छु ।त्यसपछि माननीय सदस्य श्री ओमकला गौतम।

माननीय सदस्य श्री रोशन बहादुर गाहा

माननीय सभामुखज्यू, आर्थिक बर्ष २०७९/८० को गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रममा हामी छलफलमा छौं ।यो छलफल भैरहँदा धेरै विद्वान माननीय ज्युहरुबाट आउने चालु आर्थिक बर्षका लागि ल्याइएको नीति तथा कार्यक्रम प्रति सत्तापक्षकै माननीय ज्यूहरुबाट पनि यो नीति तथा कार्यक्रम बिश्वासको रुपबाट बिश्वास आर्जन गर्न नसक्ने र विगतको समिक्षा नगरिकन के को आधारमा यो नीति तथा कार्यक्रम कार्यन्वयन हुन्छ भन्ने स्वयंम सत्ता पक्षको माननीय ज्यूबाट धेरै कुरा यहाँ अभिव्यक्त गरिसक्नु भयो र मलाई पनि लाग्छ र हाम्रो प्रतिपक्षको तर्फबाट पनि यो नीति तथा कार्यक्रम सफल हुन सक्दैन।यो जनता प्रतिको अविश्वास छ र जनतालाई जुन खालको दिशा निर्देशित

योजनाहरु दिनु पर्ने हो। यो नीति तथा कार्यक्रमले ल्याउनसकेको छैन त्यसो भएको हुनाले म यो नीति तथा कार्यक्रम प्रति म र मेरो दलको तर्फबाट म असहमत जनाउन चाहान्छु पहिला कुरा र पहिलश कुरा सरकार सबैको बिश्वासको एउटा सत् पक्षले गर्नुपर्ने त्यो बिश्वास सबैबाट हुन सक्ने र सबैको बिश्वास लिन सक्नु पर्ने ग्रहण गर्न सक्नुपर्ने सरकारको नेतृत्व हुन्छ त सरकारको जवाफदेहिता नहुने गरी सत्ता एउटा पूर्वाग्राही सत्ता एउटा राजनैतिक पूर्वाग्राही र एउटा बिभेद ढङ्गपुर्णबाट यो सरकारले योजना ल्याएको कुरा हामीले बाहिरी अखबार माध्यमबाट हामीले सुन्ने गरेका छौं र यहि नीति कार्यक्रममा पनि हामीले धेरै अध्ययन गर्यौं यसको दोस्रो पेजमै लेखिएको छ कि आर्थिक बृद्धिदर ६.१७ प्रतिशतले बृद्धि हुँदै गएको छ।सातवटा प्रदेशमा यो दोस्रोमा पर्छ यो बृद्धि हुने क्रममा यो के को आधार तथ्याङ्कबाट यो गरिएको छ र त्यहि पानाको एक नम्बरमा लेखिएको छ।आर्थिकले यो गण्डकी प्रदेशमा बिस्तारै क्रमगत रुपमा लय लिएको छ भनेर त्यहि पहिलो नम्वरमा बोलिएको छ।यस्तो खालको अविश्वास यस्तो खालको जनतालाई झुट गर्ने कुराको यो नीति तथा कार्यक्रमले गरेको छ।यो यति मात्र होइन सभामुख महोदय मैले सुन्ने गरेको छु भर्खरै मात्रै मैले पढे र यहाँहरुको गोजिको मोवाइलमा पनि त्यो खबर आइसकेको छ कि भर्खरै मात्र हेरे कि यो बाह्रखरी अनलाइनबाट सत्ता पक्षले विभेद नगर्ने सत्ता पक्षले पुर्वाग्राहि नराखिकन योजना गर्ने हो भने त यो खालको खबर आउने थिएन होला।प्रतिपक्षकै बेञ्चमा बसेर र गठबन्दलाई सहयोग गर्ने मान्ने समेत सवैको गठबन्दन सरकारको माननीयहरुलाई एक अरब पचपन्न करोड र प्रतिपक्षमा बस्नेलाई तिस करोडको खबर त यहाँहरुको गोजिको मोवाइलमामा नै छ होला नी। यो बिभेद किन गर्छ सरकारले यस्तो खालको ?पूर्वाग्रह किन गर्छ सरकारले ? पुर्वाग्राही यो खालको विभेद गर्ने सरकारलाई के बिश्वास गर्ने हामीले त्यसो भएको हुनाले यो नीति तथा कार्यक्रममा मैले कंहि देखिन मैले भ्रष्टाचार गर्दिन मैले मेरो सरकारलाई भ्रष्टाचार गर्न पनि दिदैन कहाँ लेखिएको छ। यो सरकारले प्रतिवद्धता जाहेर गर्नु पर्दैन। यत्रो नीति तथा कार्यक्रम आँउदा त्यति मात्रै होइन सभामुख महोदय संसदको ढोकाबाट विधिवत सम्मतबाट विनियोजन हुनुपर्ने रकम संसदको झ्यालवाट छिराएर योजनामा समावेश भएको रकमलाई अर्को शिर्षकको योजनामा समावेश गरेर विनियोजन गरेर मन्त्रीमण्डल बृद्धि गरेर यातायातको साधनहरुलाई खरिद गरेर आज मन्त्रालयमा देखिएको बेरुजु सून्यमा झाछौं हैन कमसेकम विगतको भन्दा अब आउने आर्थिक बर्षमा

कम गर्छौं न्यून गर्छौं भन्ने कुराको पनि प्रतिवद्धता जाहेर गर्न सकेको छैन। त्यसो भएको हुनाले म यसको जवाफ चाहान्छु सभामुख महोदय , प्रतिपक्षले यसको जवाफ चाहन्छ सभामुख महोदय , यो श्रोतको सन्दर्भमा मैले हेरे एकसय एकासीमा मैले हेरे अथवा भनौं यो दुई नम्वर पाना नंम्वर २नमा हेरे यसको पनि मैले अर्थ बुझिन यो के भन्न लागेको यो। यो बढ्दो शहरिकरण आन्तरिक तथा बाहय बसांई सराई जस्ता बिषयको समयकुल व्यवस्थापन गरिनेछ। यसबाट सृजना हुने जनस्वास्थ्य सम्वन्धि समस्या समाधान गरिनेछ साथै लिङ्ग पहिचान गरी गरीने भुषण हत्या बिरुद्ध जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ। यो अर्थ के हो यो र यो १८१ मा यो श्रोतको पहिचान अथवा यो चुरे भावर सन्दर्भमा यहाँ लेखिएको छ कि चुरे संरक्षण आवश्यक छ समन्वय गरी कार्यक्रमलाई सञ्चालन गरिनेछ र मैले र यहाँ माननीय ज्यूहरुले पढेको किताबमा हामिले पढेर पनि आएका हौं के नवलपुरको गैंडाकोट मौलाकाली मन्दिर देखि देवचुली नगरपालीकाको सबैभन्दा नवलपुरको अग्लो डाँडा देवचुली वरचुली समेत नेपालको सबभन्दा ठूलो फलामखानी हुप्सेकोट गाँउपालीका धोवादी फलामखानी सहितको पश्चिम जाने डाँडोलाई हामीले पढेको किताबमा महाभारत श्रंखला हो। यो चुरे भन्ने कहाँबाट आयो महाभारत श्रंखलामा अहिले सम्म जति वगेको छ। महाभारत श्रंखलाबाट बगेका खहरे खोलाहरुबाट आएको गिटी ढुङ्गा बालुवा त्यसबाट बगाइएको दहत्तर दहत्तर श्रोतलाई छिटो भन्दा छिटो यो चुरेलाइ त्यहाँबाट हटाएर यो महाभारत श्रंखलामा पर्छ भन्ने कुराको व्यवस्था सरकारले गर्नुपर्यो। माननीय मुख्यमन्त्री ज्यूको मुख्य निर्वाचन क्षेत्र हामी एउटै हो मेरो उहाँको क मेरो ख निर्वाचन क्षेत्र नं१ कसरी पर्न गयो यो चुरे यसलाई तुरुन्त हटाउने गरियोस र यो १६२ मा यो लोकाहा खोला यो प्रदेशको औद्योगिक क्षेत्र भन्ने कुरा त यो पहिलेकै सरकारले ल्याइसकेको कुरा हो यसलाई डिपीआर गरेर यसको व्यवस्थापन गरेर यसलाई बजेट विनियोजन गरेर यसको तारवार गरेर यसको कामलाई अगाडी बढाउने कुरामा जानपर्यो सरकार सभामुख महोदय , यसमा कार्यक्रमलाई निरन्तरता दिने कुरा होइन यो त अघिल्लो सरकारले गरिसक्यो। त्यसो भएको हुनाले यसलाई रकम विनियोजन गरेर कामलाई अगाडि बढाउने कुरामा जाओस यो सभामुख मार्फत म यो भन्न चाहान्छु। यसलाई मैले एउटा सुन्याछु। यसको जग्गाको क्षेत्रफल कति हो र यसको जग्गाको क्षेत्रफल यकिन गरेर यसलाई बाउण्डरी गरेर तारवार गरियोस र अर्को एउटा यो माननीय सभामुख ज्यू माननीय मुख्यमन्त्री र मेरो निर्वाचन क्षेत्र एउटै र उहाँको र मेरो

निर्वाचन क्षेत्रमा नो लालपूर्जा नो भोट स्थानीय तहको निर्वाचन अगाडि त्यहाँ अवरोध थियो। सवैभन्दा अव्यवस्थितलाई बसोबास गर्ने कुरा सुकुम्वासीलाई व्यवस्थित गर्ने कुरा सरकारले चाँडो भन्दा चाँडो गरियोस र यो आवास जनताको सन्दर्भमा जो श्रमजिवी जो मेहनत कर्मी जो सबैभन्दा गरिवको रेखामुनि रहेका जनताको आवासलाई छिटो व्यवस्थापन गरोस ।म यो माग राख्न चाहान्छु र यो नीति तथा कार्यक्रमले छिटो यसलाई व्यवस्थापन गरियोस र यो अर्को छ २०८ नंमा यो कावासोति एकिकृत प्रशासकिय केन्द्र निर्माण सभामुख महोदय यो आज भन्दा २०७६ साल बैशाख ७ गते नवलपुर जिल्ला नवलपरासी बाट बिभाजन भएर बर्दघाट सुस्ता पुर्व कायम भैसकेपछि नव लपुर जिल्ला कायम भयो त्यसपछि नवलपुर जिल्लाको सदरमुकाम कावासोतिमा हुने कुरा केन्द्रिय सरकारले एउटा नमुना सदरमुकामको निम्ती घोषणा गरिसक्यो र त्यतिवेला पूर्व प्रधानमन्त्री र बर्तमान नेकपा एमालेका श्रदय पार्टि अध्यक्ष केपी शर्मा ओलीबाट नँया सदरमुकाम नमुना सदरमुकाम उदघाटन भएको थियो। त्यतिवेला त्यो नँया सदरमुकामको निम्ती करिब १८५ बिघा जग्गा जग्गाधनी प्रमाणपूर्जा सबै कुरा भैसक्यो यसको नक्शा डिटेल सबै भैसक्यो। अहिले त्यसको बाटोहरु कायम गरेर सबै कुरा भैसकेपछि अब यसलाई प्रदेशको प्रशासनिक भवनहरु निर्माण गर्नका निम्ती सरकारले पैसा विनियोजन गर्यो यसको सबै पूर्जाहरु आइसकेको छ। त्यसो भएको हुनाले यसलाई ढिला नगरौं। अब यसलाई स्थानीय तहकोलाई एउटा कलरको प्रदेश सरकारको भवनको अर्को कलरको र केन्द्रिय सरकारको एउटा कलरको गरेर तिन प्रकारको कलरबाट जनताले सुविधा पाउने गरी त्यो खालको डिपीआर डिजाइनहरु भएर जग्गाधनी प्रमाण पूर्जा १८४ बिघाको जग्गाधनी प्रमाण पूर्जा प्राप्त गरिसकेको छ। त्यसो भएको हुनाले यसलाई छिटो भन्दा छिटो गर्न म माग गर्न चाहान्छु र अन्त्यमा यो नीति तथा कार्यक्रमले जनताको मन छुने काम गरेको छैन। आउने दिनमा यो खालको बिभेद यो खालको पक्षपात सरकारले नगरोस सबै जनताको भावना सबै जनताको मन छुने गरी विकासका कामहरु पुरा हुन सकोस यही भनाईका साथ म र मेरो दलको तर्फबाट नीति तथा कार्यक्रम प्रति विश्वास नभएको कुरा म जनाकारी गराउन चाहान्छु। धन्यबाद। **माननीय सभामुख :-**

अब म माननीय सदस्य श्री ओमकला गौतमलाई छलफलमा भाग लिन समय दिन्छु। त्यसपछी माननीय सदस्य श्री दिपक कोईराला। **माननीय सदस्य श्री ओमकला गौतम** :-माननीय सभामुख महोदय, गण्डकी प्रदेश सभामा माननीय प्रदेश प्रमुख पृथ्वीमान

गुरुङद्वारा प्रस्तुत आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम जुन २४ गते प्रस्तुत भएको थियो, त्यसको विषयमा आफ्नो धारणा राख्ने र यही विषयमा रहेर र यहाँ उठेका कुराका विषयमा रहेर आफ्नो धारणा राख्ने अनुमति चाहन्छु । माननीय सभामुख महोदय, गण्डकी प्रदेश सभामा गत २४ गते देखि हामी निरन्तर छलफलको क्रममा छौं र छलफलको क्रम सुन्दैगर्दा कतै मलाई के लाग्यो भने, कतै हामी राजनीतिक दलको आमसभामा त छैनौं , कतै हामी राजनीतिक दलका एकले अर्कालाई हिलो छ्याप्ने मञ्चमा त छैनौं जस्तो पनि लाग्यो । आलोचनाको लागि आलोचना थुप्रै आए यहाँ माननीय सभामुख महोदय । विगतका नीति तथा कार्यक्रम र विगतका सरकारले गरेको कार्यशैली पनि हामीले पनि देखेका छौं । साडे तीन वर्ष वहुमतका सरकार चलाएको सरकारले गरेको कार्यशैली र नीति तथा कार्यक्रम हाम्रा कस्ता थिए भनेर दिएका उदाहरण साँच्चै मैले पनि गएर घरमा पटक पटक पल्टाएर हेरें यो नीति तथा कार्यक्रम मैले हेरें । मलाई लाग्छ, यो हामीले एउटा राजनीतिक मञ्चबाट हिलो छ्याप्ने काम मात्रै गर्यौं कि जस्तो लाग्यो त्यसकारणले यो नीति तथा कार्यक्रम अत्यन्तै सुन्दर छ, अत्यन्तै जनमुखी छ र यो गण्डकी प्रदेशका नागरिकलाई सुखी बनाउने, समृद्धी बनाउने खालको नीति तथा कार्यक्रम छ । यो अक्षरस पालना होस्, यसको कार्यान्वयनको सफलताको मैले शुभकामना दिन चाहन्छु र मैले पूर्ण समर्थन पनि गर्न चाहन्छु यो नीति तथा कार्यक्रमलाई म र मेरो दलको तर्फबाट ।माननीय सभामुख महोदय, यहाँ आए कुरा माननीय मुख्यमन्त्रीज्यू दिवा स्वपना देख्नुभयो भनेर पनि प्रश्न आयो । साँच्चिकै सपना दिवामा देख्ने हो, रातमा देखेको सपनाले केही पनि गर्न सकिदैन । दिउसोमा सपना देखेर दिउसोमा कार्यदिशा कोरेर, उज्यालोमै कार्यदिशा कोरेर ननिदाएको बेलामा अँखा ट्वाल्ट्वाल्ती हेरेरै बनाउने हो नि नीति तथा कार्यक्रम आँखा चिम्लेर राति सपना देखेर माननीय सभामुख महोदय यो प्रदेशको सम्वृद्ध आउन सक्दैन, सुखि नेपाली बन्न सक्दैन यो समृद्ध प्रदेश बन्न सक्दैन । सुरुमै माननीय मुख्यमन्त्रीज्यूले दिवासपना देख्नुभएछ भन्ने कुरा आएछ र वास्तवमा दिवा सपना देखेर बनाएको मैले ठहर गरे।यो कार्यन्वयन हुनेछ यो मलाई विश्वास छ र यो खिचडी भन्ने कुरा आयो । यो खिचडीको अर्थ पटक पटक किन उठ्छ।गोरखामा त अत्यन्तै राम्रो मास बन्छ मलाई थाहा छ। त्यो गोरखाको मासको खिचडी पकाउने हो भने यति स्वादिलो र उत्कृष्ट हुन्छ वास्तवमा त्यो खिचडीको स्वादै नलिएर होकि खिचडी भनेको एउटा भात मात्रै पकाएर खाएर अथवा गण्डकी प्रदेशका

जनतालाई एउटा सडक मात्र निर्माण गरेर पुलमात्रै हालेर सम्बृद्धि आउन सक्दैन । खिचडी भनेको त्यो समिश्रण हो जहाँ महिलाका कुराहरु, बालबालिकाका कुराहरु, अपांगका कुराहरु, विकास निर्माणका कुराहरु , विकास निर्माण गर्ने बाटाका कुराहरु, पुलका कुराहरु, सिँचाईका कुराहरु सबै कुराहरुलाई स्वास्थ्य, शिक्षा, रोजगार सबैका कुराहरुलाई समिश्रण गराएर बनाइएको साँच्चै खिचडी हो यो अत्यन्तै राम्रो विश्लेषण गर्न नखोज्दा नखोज्दै पनि राम्रो विश्लेषण भएसम्म यसलाई मेरो दलको तर्फबाट मैले स्वागत गर्न चाहन्छु यो शब्दलाई । त्यो खिचडी जस्तो त्यो औषधी पनि बन्ने हो।साँच्चै यो सरकार औषधि बन्न बनेको सरकार हो यो । कस्तो परिस्थितिमा बनेको थियो यो सरकार। हामीलाई याद छ,जतिवेला हिजोको निती तथा कार्यक्रम ल्याँउदा कुन परिस्थितिमा ल्यायो।हिजो सरकार कुन परिस्थितिले गठन भयो। म यतातिर फर्कन चाहन्न माननीय सभामुख महोदाय । आज मुलुकको आवश्यकता थियो । आज जनादेशबाट बनेको आफ्नो प्रतिनिधि सभा भंग भइसके पछि फेरी त्यो प्रतिनिधि सभा भंग भइसकेपछि साँच्चै परमादेशको आवश्यक बनेको हो यहाँ परमादेश परमादेश भनी रहन पर्दैन। माननीय सभामुख महोदय । विकल्प थिएन मुलुकको निम्ती साँडे ५ वर्षको लागि जनताले दिएको म्यान्डेट संचालन गर्न नसकेर साँडे तीन वर्षसम्म चल्दा त्यो पनि आफ्नै कारणले सदन भंग गरिएको थियो यो मैले भन्नुपर्दैन । त्यसकारणले यो परमादेश होइन यो जनादेश नै हो । जनताको आदेशलाई कदर नगरेको कारणले, जनताको आदेशलाई अवहेलना गरेको कारणले यो सरकार गठवन्धनको बनेको हो र यो गठवन्धनको पोको होइन, यो गठवन्धनको मन मिलेको हो, गठवन्धनको आवश्यकता हो । यो गठवन्धन यो मुलुकको आवश्यकता हो । त्यसकारण यो आवश्यकताको परिपुर्ति प्रदेशका जनताको समृद्धीको निम्ति यो गठवन्धनको आवश्यकता थियो । त्यसैले यो गठवन्धनको सरकार बनेको हो । बाँदरको दाह्री भनेर मैले यो खौरेर रगत आएको दाह्रि भनेर म भन्न सक्दिन म बोल्दैछु यो नीति तथा कार्यक्रममा म बोल्दैछु। बाँदरको दारि खौरिदा बनेको निती तथा कार्यक्रम होइन सभामुख महोदय।यो जनताको सम्बृद्धिको निम्ती विकास निर्माणको काम गर्नको निम्ती प्रदेशको सञ्चालन गर्नको निम्ती। यो बनेको निती तथा कार्यक्रम हो माननीय सभामुख महोदय अब यहाँ कस्तो कुरा आयो भने अचम्म के लाग्यो भने झण्डाको मोहमा मात्र बनेको हो या कुर्चीमा । वास्तवमा पक्कै पनि साँच्चै त्यो पीडा हुँदो रहेछ होला । सायद म मन्त्री बनेर छोड्न परेको छैन । त्यो मन्त्री छोड्दाको एकदमै

आक्रोश हो कि, त्यो मन्त्री छोड्दा त्यो कुर्ची छोड्दाको पीडा हो कि झण्डा हल्लाउन र कुर्चिमा बस्न के हिजोको सरकार बसेको थियो म प्रश्न गर्न चाहान्छु र हिजोको सरकार बसेको थिएन भने आजको सरकारलाई त्यो शंका गर्नु हुँदैन । यो सरकारको कार्यशैलिबाट भएको छ यो एउटा मात्रै राम्रो काम गरेर देखा भनेर भन्नेमा आज के राम्रो काम भएको छैन। आज एउटा जनतालाई बचाउने नाममा मलाई लाग्छ भ्रुणका कुरा आयो, भ्रुणको हत्यालाई जनचेतना अभियान चलाइने छ । त्यो एकदम राम्रो कुरो हो त्यो। म के भन्न चाहन्छु भने, यो लिंग पहिचानको आधारमा, छोरा वा छोरीकै आधारमा भ्रुण हत्या गरिन्छ, एभर्सन गराइन्छ, त्यो गर्न हुँदैन, छोरा र छोरीको विभेद गर्नु हुँदैन । यो समाजमा छोरा र छोरी एकै हुन् असल सन्तान हुन् भन्ने आधारमा सम्झनु पर्छ । त्यो जनचेतना जगाउनु पर्छ । लिंग परिक्षणको आधारमा एभर्सन गराउन हुँदैन भन्ने भनाई हो यो भ्रुण भनेको । किनभने गर्भमा त्यो थियो जनतामा जनचेतना अभिवृद्धि गराउने, त्यसलाई समाजमा जनचेतना फैलाउने एउटा छोरै पाउनु पर्ने महिलालाई एउटा पीडा छ र छोरा र छोरीको बिचमा भिडियो एक्सरे गरेर यदि छोरी छ भने त्यसलाई एभोर्सन गराउने र त्यो महिलाको ज्यानै जोखिम जाने आवस्थालाई जनचेतना अभियान गर्ने भनेको हो माननीय सभामुख महोदय । यो कार्यक्रम ल्याउने भनिएको हो माननीय सभामुख महोदय । यो कार्यक्रम कस्तो हो भनेर सरकारबाट पनि आउला।मैले बुझेको कार्यक्रम यहि हो।म एउटा महिला भएको कारणले त्यो अत्यन्तै राम्रो कार्यक्रम अत्यन्तै स्वागतयोग्य कार्यक्रम छ । त्यस्तै ज्येष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य उपचार सेवा जेष्ठ नागरिकलाई छुट्टै वार्ड, आँखाको उपचार गर्ने छुट्टै वार्ड त्यो पनि अत्यन्तै राम्रो छ । सबैखालका विरामी एउटै वार्डमा राख्दा अझ जेष्ठ नागकिलाई बढि कियर गर्नपर्ने हुँदा त्यसको वार्ड व्यवस्थापन गर्ने कुरा पनि यहाँ आएका छन ।हिजोका कार्यक्रमलाई निरन्तरता पनि छ । हिजोका थुप्रै राम्रा कार्यक्रमलाई पनि निरन्तरता आएकै छन । नयाँ सरकार गठन भैसकेपछि केही नयाँ कार्यक्रम, केही नयाँपन त आउँछ नि हिजोकै कार्यक्रमलाई निरन्तरता दिँदै केही नयाँ कार्यक्रम सरकारले ल्याएकै छ । नयाँ कार्यक्रम ल्याउने नै होईन यो सरकारको त किन नयाँ कार्यक्रम ल्यायो भन्ने कुरा पनि आए । वास्तवमा सरकारले आफ्नो आयु हेरेर कार्यक्रम बनाउने होइन । मानिसले हाम्रो आयु हेरेर घरको जीविकोपार्जन गरेका हुन्छौं । सरकारले कार्यक्रम बनाउँदै गर्दा आउट गोईङ सरकार हो । अब अर्को बजेट यो सरकारले बनाउँदैन, मलाई लाग्छ नीति तथा

कार्यक्रम सायद यो हाम्रो अन्तिम होला छलफल गर्ने अवसर पनि। तर अर्को सरकार आउँदा पनि त्यसलाई राम्रो भन्ने गरी त्यसले ट्रैन बसालेर जाने त होला नि अर्को सरकारले त्यो कार्यक्रम संचालन गर्दा राम्रो व्यवस्था बसाउनु पर्ने होलानि । के आज एकचोटी सरकारमा बसेपछि सरकारले सबै सकेर त्यसलाई रित्याउनै पर्छ भनेर मान्यता राखेको हो । यो सरकारले सबै सकेर जाने, आफ्नो मंसिरमा चुनाव हुन्छ भनेर सरकारले सबै अर्को पुसदेखिको कार्यक्रम नै नबनाउने मंसिरको मात्रै कार्यक्रम भन्न खोजिएको हो सभामुख महोदय म प्रश्न गर्न चाहन्छु । त्यसकारण यो रगत तथा रगतजन्य पदार्थ निःशुल्क, रगतकै खोजिमा पनि कतिपय जीवन मानिसले मृत्युवरण गर्नु परेको छ । रगत निशुल्क हुन्छ, पाठेघरको क्यानसर, स्तनको क्यान्सर निःशुल्क हुन्छ, निःशुल्क उपचार गर्ने कुरा के नराम्रो हो ? एउटा सम्म राम्रो काम देखाउनुहोस भनेर मलाई प्रश्न गरिरहँदा मलाई आश्चर्य लाग्यो माननीय सभामुख महोदय।हाम्रो विद्वान माननीयज्यूहरुले कसरी कताको पाना पल्टाएर हेर्नुभएछ म पनि हेरे साँच्चै छैन कि भनेर मलाई पनि गजव लाग्यो । म त जति पल्टाउँछु त्यति राम्रै कार्यक्रम देख्छु । जति पल्टाउँछु त्यति राम्रै कार्यक्रम देख्छु।त्यसकारणले मैले नराम्रो देखेको छैन । हो कार्यान्वयनको पक्षलाई मैले पनि शुभकामना अघिनै दिईसकें ।माननीय सभामुख महोदय यो नीति तथा कार्यक्रम अत्यन्तै सुन्दर छ। यसले अति नै राम्रो काम गरेको छ । कृषि सडक नमुना कृषि सडक भनेको छ यसले । यसले प्रायोरटी वेसमा काम गर्दै लैजाने प्राथमिकता तोकेर काम गर्ने भनेकैछ । त्यसकारण यसलाई म के सुझाव के दिन चाहन्छु भने यो सरकारलाई दुम्कीवास त्रिवेणी कोराला सडक छिटो भन्दा छिटो सम्पन्न गर्ने खालको नीति ल्यावस् । माननीय मुख्यमन्त्री ज्यूले अवलोकन पनि गरिसक्नुभएको छ । यूनेष्कोमा लेखेर पनि पठाईसकेको छ।तर त्यो लेखेर पठाउँदैमा हुँदैन, यो सरकारले छिटो भन्दा छिटो पहल गरोस् जुन आफ्नो प्रदेश टु प्रदेश नवलपुरका जनताहरु आउन पाउने प्रदेशमा । अर्को एकीकृत नमुना सदरमुकामको निम्ति शिलान्यास गरेर विगतको सरकारको पालामा शिलान्यास गरियो त्यसलाई स्थापना अहिलेसम्म एउटा संरचना बनेको छैन, एउटा समेत भवनको सुरुवात बनेको छैन निती तथा कार्यक्रममा मात्र बोलेर हुदैन ।बजेटको व्यवस्था गरियोस् र अहिले बाट नै कुन भवन सुरु गर्ने हो त्यसको सुरुवात गरियोस् । म यो माग गर्न चाहन्छु सरकार सँग जुन तटवन्धनको कुरा छ अब अहिले यो फेरी बर्खा लाग्यो। अस्तिमात्रै आबुखैरेनीमा बाटै पहिरो गएर मान्छेको ज्यान

गुमाउनु परेको छ, उहाँहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै, सरकार सचेत रहोस् । मेरै जिल्ला नवलपुरमा पर्ने धेरै खोलाहरु यस्ता छन् जसले वस्ती विनास गर्छ जस्तै केरुङे खोला, बौलाय खोला, लोकाय खोला, गिरुवारी खोला, अरुण खोला, नारायण खोला, खहरे खोला, जयश्री खोला लगायतका थुप्रै त्यस्ता खोलाहरु छन् जसले जमिनको सतहभन्दा खोलाको सतह माथि छ.त्यसलाई दिर्घकालिन योजना बनाएर त्यसलाई व्यवस्थित बनाएर लैजानु पर्छ । अब पानीको बर्षा छ, ति खोलाको विषयमा तटवन्धको लागि बजेट यथेष्ट बजेट छुट्याइयोस र त्यसलाई कार्यान्वयन गरियोस म यो सरकारलाई सुझाव दिन चाहन्छु । यहाँ माझी, बोटे, मुसहर, जस्ता सिमान्तकृत भनिएको रहेछ यहाँ थारु भन्ने शब्द छुटेको छ यो थारु सहितका सम्पूर्ण सिमान्तकृत वर्गको लागि बिशेष कार्यक्रमको प्याकेज ल्याइयोस् र माननीय सभामुख महोदय। यहाँ एकल महिला जस्तो जसले श्रीमान् गुमाएको छ एकल महिलाको बिषयमा यो निती तथा कार्यक्रम बोलेको छैन र एकल महिलालाई समेत सम्वोधन गर्ने खालको कार्यक्रम ल्याइयोस् र सुकुम्वासी समस्या जसको भूमि छैन त्यो भूमिहिनहरुको लागि भुमि दिने व्यवस्थाको पनि यो सरकारले पहल गरोस् भन्ने भनाई राख्दै यो नीति तथा कार्यक्रममा म मेरो दलको तर्फबाट पुर्णरुपमा सहमती भएको जानकारी गराउँदै मेरो भनाई अन्त्य गर्ने अनुमति चाहन्छु । धन्यवाद । जय नेपाल ।

माननीय सभामुखः-

माननीय सदस्य श्री दिपक कोइरालालाई छलफलमा भाग लिन समय दिन्छु ।त्यसपछि माननीय सदस्य श्री धनमाया पोखरेल लामा।

माननीय दिपक कोइरालाः-

माननीय सभामुख महोदय, हामी आ.व. ०७९/८० को नीति कार्यक्रमको छलफलमा छौं । छलफलमा धेरै विषयहरु उठिरहेका छन्, यही सन्दर्भमा नीति कार्यक्रमका बारे आफ्ना भनाईहरु राख्नको लागि म यहाँ सहभागी छु । भनाईहरु राख्नुभन्दा अगाडि, अब यो विषय प्रसंगले अन्यथा अर्थ नलागे, मैले यो रोष्टममा एकदम धेरै यो पछिल्लो गठवन्धन सरकारको बारेमा या गठवन्धनको बारेमा निकै चर्चा चलिरहेको सुनेको छु। मेरो सम्झनामा भएसम्म यो प्रदेशमा गठवन्धन बाहेक सरकार बनेको छैन है अहिलेसम्म, किन अघिल्लो सरकार पनि गठवन्धनकै थियो । यहाँ कहिलेकाँहि एमालेका साथीहरुले एक्लै सरकार बनाएको अहिले मात्रै गठवन्धनबाट सरकार बनेको कुरा गर्नु अलि त्यति चित्त नपरेर मैले सुरुमै यति कुरा राखि हालौंकि । तपांईहरुको सरकारलाई

पनि माओबादीको समर्थन थियो राष्ट्रिय जनमोर्चाको समर्थन थियो त्यसपछि स्वतन्त्रको साथी पनि त्यहाँ हुनुहन्थ्यो। उहाँ अस्तिसम्म तपाई हामी सँगै बसेको सरकारलाई समर्थन गर्दा सम्म एकदम राम्रो हुनुहुन्थ्यो। त्यसपछि नयाँ सरकारलाई समर्थन गरेपछि उहाँका पृष्ठभुमि उहाँका जिवनका धेरै कुरा ल्याएर निकै व्याख्या गरेर बदनाम गर्ने प्रयास पनि गर्नुभयो। यस्तो नगरैकी भन्ने मेरो अनुरोध मात्रै हो। जे हो त्यो बारेमा मात्र बहस गरौं। हामीले तिन बर्ष गठबन्धनमा नै सरकार चलायौं अघिल्लो सरकार पनि गठबन्धनको हो त्यो पनि एउटै दलले बनाएको थिएन। त्यहाँ पनि दलहरु थिए। तर हामीले त्यो सरकार हामीले किन टिकाउन सकेनौ? त्यो सरकारले गरेका काम आज रोएर कराएर यो सरकारले अघिल्लो सरकारले पछिल्लो सरकारले अघिल्लो त्यो कार्यक्रम कहाँ लग्दियो भनेर खोज्दै हिंड्नु पर्ने अवस्था आँउदैन्थ्यो होला । के कारणले त्यो अवस्था पैदा भयो भनेर आ-आँफै समिक्षा गर्ने हो की। माननीय ज्यूहरुलाई यति कुरा म अनुरोध गरौं की भन्ने मलाई लाग्दछ। यो बिषय प्रसङ्ग यहाँ धेरै नै उठेको कारणले यति राख्न जरुरी छ। साथीहरु माननीयज्यूहरुले विर्सनु भयो कि सत्ता बाहिर हुनुभएको त्यसकारणले पुराना कुराहरु विर्सनु भयो कि मैले खालि सम्झाउन मात्र खोजेको। म अर्को कुरा पनि भन्छु धेरै छलफल बहस भएको कुरा नीति कार्यक्रमको बारेमासमर्थन थियो, राष्ट्रिय मोर्चाको पनि समर्थन थियो, त्यसपछि स्वतन्त्र साथी पनि त्यहाँ हुनुहुन्थ्यो, उहाँ अस्तिसम्म तपाईंहरु हामीसँगै बसेको सरकालाई समर्थ गर्दासम्म एकदम राम्रो हुनुहुन्थ्यो त्यसपछि नयाँ सरकारलाई समर्थन गरेपछि उहाँका पृष्ठभूमि, उहाँका जीवनका धेरै कुराहरु ल्याएर निकै व्याख्या गरेर वदनाम गर्ने प्रयास पनि गर्नुभयो, यस्तो त नगरौं भन्ने मेरो अनुरोध मात्रै हो । जे हो त्यो बारेमा वहस गरौं । हामीले ३ वर्ष गठवन्धनमै सरकार चलायौं । अघिल्लो सरकार पनि गठवन्धनको हो, त्यो पनि एउटै दलले बनाएको थिएन, त्यहाँ पनि दलहरु थिए तर हामीले त्यो सरकार किन टिकाउन सकेनौं त्यो सरकारले गरेको कामहरु आज रोएर, कराएर, यो सरकारले यो पछिल्लो सरकारले अघिल्लो कार्यक्रम कहाँ लग्दियो भनेर खोज्दै हिँड्नु पर्ने अवस्था आँउदैन्थ्यो होला के कारणले त्यो समस्या आयो भनेर के कारणले यो स्थिति पैदा भयो भनेर आफ आफै समीक्षा गर्ने हो कि माननीयज्यूहरुलाई यति कुरा अनुरोध गरौं नै भन्ने मलाई लाग्दछ किनकी विषय प्रसङ्गहरु यहाँ धेरै नै उठिराखेको छ, राख्न जरुरी छ, साथीहरु, माननीयज्यूहरुले विर्सिनु भयो कि, यो एक डेढ वर्ष यता अलि सत्ता बाहिर हुनुभएको त्यसकारणले पुराना कुराहरु विर्सनु भयो भनेर खाली सम्झाउन मात्रै खोजेको । अनि म अर्को के कुरा भन्छु भने यहाँ एकदमै धेरै वहस छलफल भएको सुन्छु नीति

कार्यक्रमको बारेमा अघिल्लो यो आयो, त्यो आयो यस्तो भइरहन्छ । मेरो घर विजयपुरको डिलमै छ,यहाँ मन्त्रीज्यूहरु उपस्थित हुनुहुन्छ । मेरो घरको पछाडिपट्टि एउटा एक करोड रुपैयाँको पुल बन्दैछ त्यो सुरुको आ.व. मा शिलान्यास भएको माननीय पूर्व मुख्यमन्त्रीज्यूबाटै शिलान्यास गर्नुभएको थियो, उहाँ यहाँ आउँदै हुनु हुन्छ सभामा । भौतिक पूर्वाधार मन्त्री, अर्थमन्त्री सबै यहाँ हुनुहुन्छ, आजसम्म त्यो पुल सम्पन्न भएको छैन १ करोड रुपैयाँको । अब म माननीय कृष्णचन्द्र नेपाली पोखरेलको सरकारलाई गाली गरौं कि, माननीय पृथ्वीसुव्वा गुरुङको सरकारलाई गाली गरौं कि म आफैलाई गाली गरौं कि बिहानै म मर्निङ्ग वाकमा जान्छु, त्यो पुल बनेको छैन । भौतिक पूर्वाधार मन्त्री पनि यहीं हुनुहुन्छ तत्कालिन । अनि बजेट आयो अनि ४, ५ वर्षसम्म एउटा १ करोडको पुल बनेको छैन माननीयज्यूहरु, म कसलाई गाली गरौं अनि अघिल्लो सरकारको बेलामा एउटा निकै आकर्षक एउटा कार्यक्रम आएको थियो, कार्यक्रम आउँछन्, जान्छन्, यो अघिल्लो आयो, यो यस्तो भनेर सुनिरहँदा खेरी मेरो घरको ठ्याक्कै पछाडिपटि विजयपुर खोला पर्छ, त्यो बेलाको सुरुको आ.व. मा एउटा आर्कब्रिज बनाउने कुरा उठेको थियो । बिहान म मर्निङ्गवाक जान्छु, कहिलेकाहीं नभ्याएको बेलामा पनि इभनिङ्ग वाक पनि हिँड्छु। त्यो आर्कब्रिज पनि त्यहाँ बनेको छैन । कसले बनाएन त यो? यो पछिल्लो सरकारले किन बनाएन भनेर भनौं भने अघिल्लो सरकारले घोषणा गरेको नीति कार्यक्रममा आएको कुरा हटाउनै हुँदैन यो सबै कार्यान्वयन हुँदैन भनौं भने ३ वर्ष ४ वर्षमा त्यो पनि कार्यान्वयन भएन । अनि हामी कहाँ वहस गर्ने भन्ने म पनि अलिकति एउटा हामी यो प्रतिपक्ष, सत्तापक्ष भएर होइन कि हाम्रो प्रवृत्तिको बारेमा वहस गरौं भन्ने ठाँउमा आइरहेछु म । हाम्रो प्रवृत्तिको बारेमा बहस गरौं भन्छु के म। हाम्रो प्रवृति के हो ? हाम्रो कार्यशैली के हो त ? हाम्रो कस्तो कार्यशैलीले काम गरिरहेका छौं त भन्दा अब अहिले हामी कुन पक्षमा छौं त प्रतिपक्षमा, सत्तापक्ष बसेर यो यताउती दोहोरी गरेर मात्रै यो समस्याको समाधान हुँदैन। हामीले राजनीतिक परिवर्तन त गर्यौं,तर हामीले व्यवस्थापकीय पक्षमा हामी कोही पनि सफल छैनौं, सबै हामी फेल छौं । हामी ३ वर्ष सरकार चलाएर बाहिर आएकाहरु सफल छौं भनेर कसैले भन्छ भने, म त्यो मान्दिन, किनकि म पनि त्यो सरकारको सहयात्री हो र त्यो सरकारमा समर्थन गरेको त्यो सरकार सँगै बसेको हो । एउटै पार्टीको सदस्य हो, पार्टी पनि एउटै बनाएका थियौं अझै हामीले । एउटै पार्टीको सरकार पनि बनाएका थियौं । त्यसकारणले खाली के भन्दा प्रवृत्तिको बारेमा हामीले छलफल गर्नु पर्ने बेला आएको छ कि भन्ने मात्र मैले भन्न खोजेको । हामीले गरेका सबै कामहरु, हामीले गरेका घोषणाहरु लागु भएका छैनन् ।

म अरु पनि धेरै कुराहरु हेरिराखेको छु, मैले धेरै भाषण गरें निर्वाचन क्षेत्रमा मलाई आफैलाई लाज लागिरहेको छु । मंसिरमा पार्टीले टिकट दियो भने म आफैलाई जान लाज लागिरहेका छौं, पुर्व पर्यटनमन्त्रीज्यू यही हुनुहुन्छ पूर्व अर्थमन्त्रीज्यूहरु यहाँ हुनुहुन्छ । हामीले वेगनासबाट फेवातालसम्म मोनोरेल चलाउछौं भनेर, यति चोटी सँगसँगै गएर भाषण गर्यौं। त्यस्तो केही बनेको जस्तो लाग्दैन, यहाँ माननीयज्यूहरुले भन्नुहुन्थ्यो । ६ वर्ष ५ वर्ष वित्न लागिसक्यो एउटा पुलको डिपीआर सम्पन्न भएको छैन । डिपीआर भएका कामहरु सम्पन्न भएका छैनन् । मैले अस्ति पनि यो सदनमा भनेको थिएँ १ करोड बराबरको एउटा झोलुंगे पुल ४ वर्ष सम्म सम्पन हुँदैन, बल्ल बल्ल एउटा लठ्ठो आउँछ अर्को लठ्ठो आउँदैन, लठ्ठो आयो तर अर्को लठ्ठो आउँदैन, कुन सरकारलाई गाली गरौं कि, म एकदम अन्योलमा परिरहेछु। सरकारलाई गाली गरौं कि आफैलाई गाली गरौं कि, कसलाई गाली गर्ने त्यसकारण यो प्रवृत्तिको बारेमा अलिकति समिक्षा गर्नुपर्ने बेला आएको छ भन्ने कुरा मात्र मैले शुरुमा राख्न खोजेको हो । अब जहाँसम्म हाम्रो यो नीति तथा कार्यक्रमको सन्दर्भको कुरा छ, नीति कार्यक्रममा हामीहरुले धेरै कुराहरु आएका छन् । यो नीति कार्यक्रम घोषणापत्र जस्तो भयो भन्ने कुरामा, म यो कुरालाई स्वीकार पनि गर्छु र समर्थन पनि गर्छु । घोषणा पत्र जस्तो त हुनुपर्यो नि, चुनावको बेलामा घोषणापत्रमा जे ल्याइएको छ त्यो घोषणा पत्रमा पनि नीति तथा कार्यक्रममा आउनुपर्यो त्यो स्वभाविकै कुरा हो । त्यसमा त हामीले अन्यथा मान्नु पर्ने केही पनि कुरा छैन । हामीले घोषणा पत्रमा घोषणा गरिएका जे जे कुराहरु थिए, हामीले ५ दल मिलेर सरकार बनाएका छौं, ५ वटै दलका घोषणा पत्रका कुराहरु यहाँ समावेश गर्नुपर्दा २ वटा बुँदा धेरै भए होला अन्यथा मान्नु पर्ने केही पनि कारण छैन । त्यो घोषणा पत्र पनि यही प्रदेशको समृद्धिको लागि यो प्रदेशका नागरिकलाई समृद्ध बनाउनको लागि नै गरेको हो नि त भन्ने कुरामा हामीले यसमा आपत्ति मान्नु पर्ने केही पनि कारण छ जस्तो मलाई लाग्दैन । चुनावी वर्षको जस्तो भयो, चुनाव त आउँदैछ, चुनावी वर्षको जस्तो त भइनै हाल्छ नि त, मंसिरमा चुनावमा जाने हो, पपुलर हुन्छ अलिअलि कुराहरु आउलान्, कुरा त आउलान् नि कुरै नआइकन त कसरी कार्यान्वयन हुन्छ र माननीयज्यूहरु ? कुरा त आउनु परेयो नि त । धेरै कुरा आएछ धेरै कुरा आए त राम्रो कुरा हो । स्वास्थ्य देखि शिक्षासम्म, अपांगता देखि महिलासम्म अनि भूगोल देखि पहाड देखि तराईसम्म, हिमालदेखि फाँटसम्म सबै कुरा त आउनुपर्यो नि नीति कार्यक्रममा । नीति कार्यक्रममा यति धेरै कुरा आयो कि भनेर कुरा धेरै आउनै पर्छ जस्तो मलाई लाग्छ । बुँदाको हिसावले कति बुँदा भयो भन्ने हिसाव गर्नु त्यति जरुरी छ

जस्तो मलाई लाग्दैन । त्यसकारण यसमा आएका कुराहरु म अलि अलि के ठान्छु भने, यहाँ साथीहरुले अघिल्लो सरकारको केही पनि आएन भन्दै भन्दै भन्दै अन्तिममा फेरी यो अघिल्लै सरकारको आए, नयाँ कुरा केही पनि आएन भन्दाखेरी यो अलि गोलमटोल भएर आए नीति कार्यक्रम भनेर भनिरहेको सुन्दा मलाई के लाग्छ भने, हामीले हाम्रो भनाईहरु नै अलि गोलमटेल पार्दि राछौं जस्तो लाग्छ क्या । निरन्तरतामा आउनु पर्ने कुराहरु पनि आएको छ सही हो । यो सरकार अविछिन्न उत्तराधिकार सरकार हो । अघिल्लो सरकारको कुरा किन आएन भनेर भन्ने साथीले भन्ने माननीयज्यूहरुले यो सरकार ६ महिनाको हो, किन यसले पछि सम्मको कार्यक्रम बनायो भन्न त मिलेन के ।माननीय सभामुखज्यू, यो कुरा त भन्न मिलेन त । यो सरकार चलिरहने हो, यो प्रदेश त चलिरहला नि त २० वर्ष, ५० वर्ष, १०० वर्ष सम्म चल्ला ।यसले ६ महिनाको कार्यक्रम बनाउन यहाँ आएको होइन नि त, ६ महिनाको कार्यक्रम त यो सरकारले बनाउँदैन नि त । अनि यहि सरकार आँउछ आँउदैन यही पार्टीको सरकार आउँछ कि आउँदैन भन्ने कुरा त ग्यारेण्टी छैन, मंसिर पछि यहि गठबन्धनको सरकार आउँदैन भन्ने कुराको ग्यारेण्टी कोही सँग छ र छैननी । यही सरकार आउन पनि सक्छ नि त । यही कार्यान्वयन गर्न पनि त सक्छ नि त, अहिलेको पछिल्लो स्थानीय तह र निर्वाचनको कुरा र गठवन्धनको कुरा गर्दा त आगामी सरकारको नेतृत्व यहि गठवन्धले गर्ने भन्ने त प्रष्टै छ नि । यही सरकारले कार्यान्वयन गर्ने हो, गर्छ यहि सरकारले भन्ने कुरामा हामी विश्वस्त छौं। त्यसकारण कार्यक्रम राम्रो आएको छ भन्ने कुरा म फेरी पनि राख्न चाहे।अघिल्लो सरकारले गरेको कामको बारेमा म अलि अलि समीक्षा सुन्छु । यो अघिल्लो सरकारले के गर्यो, के गरेन, के गरेन भनेर आज सत्तापक्षमा बसिरहनुभएका साथीहरुको कुरा प्रति पनि मेरो सहमती छैन । ३ वर्ष अघिल्लो सरकारले जे गर्यो,गण्डकी प्रदेशको निम्ति राम्रो गर्यो। म त्यो पक्षमा छैन फेरी, अनि अघिल्लो सरकारले केही पनि नगरेको, पछिल्लो सरकारले धेरै कुरा गरेको, अघिल्लो सरकारले ३ वर्ष झण्डा हालेर गाडी मात्रै चढेको भन्ने कुरा प्रति पनि मेरो समर्थन छैन, त्यो कुरा होइन । अघिल्लो ३ बर्ष पनि रणनीतिक रुपमा महत्वका साथ सरकारले कार्यक्रम बनाएको थियो । अघिल्लो नीति कार्यक्रमहरु, बजेट पनि जुन ढंगले आएको थियो यो प्रदेशलाई समृद्ध प्रदेश बनाउने उद्देश्यका साथ आएको थियो । तर पछिल्लो राजनीतिक घटनाक्रमको कारणले हामीले नयाँ सरकार बनायौं, त्यो पछिल्लो राजनीतिक घटनाक्रम हो । त्यो पछिल्लो राजनीतिक घटनाक्रमको कारणले यो बनाउनु पर्ने थियो, यो बनाउँदैनथ्यो भने फेरी हाम्रो व्यवस्था प्रति नै प्रश्नचिन्ह उठेको थियो, व्यवस्था

खारेजको दिशा तर्फ गइरहेको थियो । आज हामी यो व्यवस्थामा उभिएर यी नीति कार्यक्रमको बारेमा छलफल गर्न सक्थ्यौं कि सक्थेनौं भन्ने गम्भिर प्रश्न खडा भएको थियो त्यसकारण हामीले गठवन्धन बनायौं र गठवन्धनको तर्फबाट बनेको अघिल्लो पटकको नीति र कार्यक्रम बजेटमा माननीयज्यूहरुले छलफल गर्न दिनुभएन, छलफल हुनु पर्दथ्यो खैर जुन प्रकृयामा आए पनि सायद हिजो या आज मात्रै सरकार बनेको थियो, यो ३, ४ दिनमा नीति कार्यक्रममा बजेट आएको थियो तर यसपटक हामीले व्यवस्थित रुपमा सरकारले नीति कार्यक्रम ल्याएको महसुस गरेका छौं । त्यसकारण अघिल्लो पटक आएका निती कार्यक्रमहरु पनि यसमा निरन्तर छन् । त्यो अघिल्लो सरकारले ल्याएका. ५ वर्ष पछिका कामलाई, १० वर्ष, २० वर्ष, ३० वर्ष अगाडि जाने होला यो नीति कार्यक्रममा। अघिल्लो सरकारले घोषणा गरेका २-३ वर्ष मै पूरा भइसकेका या यो कार्यकालमा पूरा हुने कार्यक्रमहरु नआएको पनि हुन सक्छ, त्यो किन आउनु पर्ने थियो तर १० वर्ष, २० वर्षपछि गर्ने कार्यक्रमको त रणनीतिक महत्व बोकेका कार्यक्रम त आएकै छ । १ घर १ धाराको कुरा गर्नुभयो हामीले त २ वर्ष सायद २ बर्षमै सम्पन्न गर्छौं भने भनेर हामीले घोषणा गरेका थियौं तर आज ५ औं वर्षको सरकारले पनि त्यो ल्याइराखेको छ, त्यो ल्याउनुपरेथ्यो, त्यो ल्याउनु पर्छ फेरी त्यो राम्रो कुरा हो । त्यसकारणले यस्ता धेरै कुराहरु छन्, जुन कुरा यसमा निरन्तर आएका छन् १ निर्वाचन क्षेत्र १ सडक शिक्षाको कुरा, कृषिका कुराहरु शिक्षा स्वास्थ्यका कुरा निरन्तर आइरहेकै छन् जस्तो मलाई लाग्छ र नयाँ थपिएर आउन पर्ने कुरा यसको मैले थप व्यख्या गर्दिन, किनकि यहाँ सबैले पढेका छौं, शिक्षाको क्षेत्रमा होस्, या कृषिको क्षेत्रमा होस्, उत्पादनको क्षेत्रमा होस्, या स्वास्थ्य क्षेत्रमा होस्, पछिल्लो पटक सरकारले बरु कार्यान्वयनमा हामी कहाँ गइराखेका छौं? हामीले जे स्वास्थ्य सम्बन्धी निःशुल्क सुविधा दिन्छौं भनेर भनेका छौं र कति नागरिकले त्यो सुविधा लिए भन्ने कुराको तथ्यांक हामी कसैले पनि राखेका छौं जस्तो मलाई त लाग्दैन । यहाँ आएर त हामी भनिदिन्छौं यो भएको छैन, तर कहाँ भएको छैन कतिले लिए कतिले लिएनन् भन्ने कुरा बरु सरकारले घोषणा गरेको कुराहरुको कार्यन्वयन गर्ने कुरा र आम नागरिकले त्योबाट सुविधा लिने कुरा हामीले गर्न सकेका छौं कि छैनौं भन्ने कुरा यो प्रतिपक्ष, सत्तापक्ष सबै सांसदहरुको चासो हुने पर्ने हो । हामीले घोषणा गरेका कुराको कार्यान्वयनको सन्दर्भमा तर समष्टीगत रुपमा हेर्दा आजको यो परिस्थितिबाट आउने नीति कार्यक्रम यो भन्दा उत्कृष्ट अर्को हुन्छ जस्तो मलाई लाग्दैन । त्यसकारण म यो नीति कार्यक्रम प्रति मेरो

तर्फबाट र हाम्रो पार्टीको तर्फबाट पनि पुर्ण समर्थन व्यक्त गर्दै विदा हुन्छ । धन्यबाद , नमस्कार ।

माननीय सभामुखः-

माननीय सदस्य श्री धनमाया पोखरेल लामालाई छलफलमा भाग लिन समय दिन्छु। त्यसपछी माननीय सदस्य श्री सावित्री राना।

माननीय सदस्य श्री धनमाया पोखरेल लामाः-

माननीय सभामुख महोदय, गण्डकी प्रदेश सरकारको आ.व. २०७९/८० को नीति तथा कार्यक्रम माथि मेरो आफ्नो भनाईहरु राख्न चाहन्छु । माननीय सभामुख महोदय, गण्डकी प्रदेश सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा थुप्रै विषयवस्तुहरु आएको छ । नेपालमा वृन्दाधाम स्थापना गर्ने, कृषि मौसम सल्ला वुलेटिनको प्रकाशन गर्ने देखि लिएर सर्वाधिक चर्चामा रहन सफल हनिमुन टुरिजम र मंकी पार्कको निर्माण गर्ने जस्ता कार्यक्रमहरु यो नीति कार्यक्रममा आएको छ । मैले प्रदेश सरकारलाई के ध्यानाकर्षण गराउन चाहन्छु भने, हामीले आफ्नै मौलिकतामा हाम्रो नीति तथा कार्यक्रम बनाउनु पर्छ । गण्डकी प्रदेश सरकारले बनाउने नीति कार्यक्रममा हाम्रो मौलिकता गुमाइरहेको मैले यो विषयवस्तुलाई हेर्दा मैले त्यो अनुभूति गरे र मैले प्रदेश सरकारलाई के अनुरोध गर्न चाहन्छु भने हामीले धार्मिक स्थलको रुपमा हाम्रो मनोकामना मन्दिरलाई पर्यटकीय गन्तव्य बनाउँ, हाम्रो मुक्तिनाथलाई पर्यटकीय गन्तव्य बनाऔँ । नेपाल वृन्दावन धाम रे नेपाल वृन्दावन धाम यो किन आवश्यक छ र यसमा पनि म ध्यान केन्द्रित गर्न चाहन्छु म । कृषि वुलेटिन प्रकाशन गर्न वा हामीले नीति कार्यक्रममा लेखिरहन आवश्यक छ यस्ता यस्ता कुराहरुले गर्दा हाम्रो यो नीति कार्यक्रममा भएका आकर्षक बिषयबस्तुहरुलाई छायाँमा पार्ने काम भएको छ । यसमा आगामी दिनमा प्रदेश सरकारले यसलाई सच्याउनको निम्ति म अनुरोध गर्न चाहन्छु।हामीले कस्ता सल्लाहकार राख्छौं हामीले टुरिष्ट खालका सल्लाहकारहरु राखेर हाम्रो गण्डकी प्रदेशले आम जनता आम गण्डकी प्रदेशवासीको भविष्य लिइरहेका छौं, भनिरहेका छौं हामी जनप्रतिनिधिको नाउँमा यहाँ हामी उपस्थित छौं र हामीले हनिमुन टुरिजमको निमित्त बजेटको व्यवस्था गर्ने र हामीले मंकी पार्क बनाउन कसरी यो बजेटको व्यवस्था गर्न सक्छौं अहिले हामीले मानिसको लागि पार्क बनाउन सकिरहेका छैनौं । हाम्रो प्रकृतिले बाँदरको लागि सुन्दर प्रकृतिले नै एउटा पार्कको व्यवस्था गरेको छ। यस्ता

विषयवस्तुहरु नीति तथा कार्यक्रममा नल्याउनका निमित्त म अनुरोध गर्न चाहन्छु । नीति तथा कार्यक्रमलाई मैले सरसर्ती रुपमा हेर्दा यो २ वटा प्रवृति हावि भएको मैले देखें । व्यक्ति केन्द्रित कार्यक्रमहरु यहाँ र अनावश्यक संरचनाहरु थप्ने कार्यक्रमहरु यहाँ आएको छ जस्तै प्रदेश प्रमुख सँग वैज्ञानिक कार्यक्रम, प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रम र यी उस्तै उस्तै कार्यक्रमहरु र विपन्न वस्तीमा मुख्यमन्त्री कार्यक्रम र दलित वस्ती विकास गरीविको निकास उस्तै उस्तै कार्यक्रमहरु राखेर जुन व्यक्ति हावि हुने प्रकारको छ र यसमा के हुन सक्छ भने डुप्लिकेशन हुने पनि उत्तिकै सम्भावना हुन्छ किनभने अब विपन्न वस्ती भनेर हाम्रा स्थानीय ८५ छ कुनलाई हामीले छुट्याउने त्यसको हामीसँग डाटा छ ? र दलित वस्तीको विकास गरीविको निकास, हाम्रो दलित वस्तीहरु सबै विपन्न छन् त यसमा पनि सरकारले ध्यान दिन जरुरी छ र आगामी बजेटमा यसको जुन कार्यक्रमहरु छ, बजेटको व्यवस्था हुँदा यसमा पनि करेक्सन गर्न म प्रदेश सरकारलाई अनुरोध गर्न चाहन्छु । सामुदायिक क्याम्पससँग प्रदेश सरकार कार्यक्रम अन्तरगत अनुदान भनिएको छ, यो कुन प्रयोजनको लागि अनुदान हो हामीले हिजो कृषिमा दिएको अनुदानहरु लथालिंग भयो, अलि कार्यकर्ता केन्द्रित भयो भनिरहँदा यो सामुदायिक क्याम्पसमा अनुदानको कुरा रहेकोछ यो कुन प्रयोजनको लागि यसलाई पनि प्रष्ट पार्न म प्रदेश सरकारलाई अनुरोध गर्न चाहन्छु । मैले अघिनै भनिसकें हामीले चालु खर्च बढाउने तिर हाम्रो कार्यक्रमहरु अगाडि सारिरहेका मैले देख्छु । प्रदेश विपद् प्राधिकरण स्थापना गर्ने र प्रदेश यातायात प्राधिकरण, हाम्रा मन्त्रालयहरु केका लागि १२ वटा मन्त्रालय छ प्रदेश सरकारको संविधानले नै व्यवस्था गरेको हामीले पुर्ण रुपमा यसको सुदुपयोग गरिरहेका छौं र हामीले संरचना माथि संरचना हामीले संघीयता आएको हामी संघीयता पक्षधरहरुले संघीयता एकदमै महङ्गो भयो, संघीयता मजबुत गराउनको निमीत्त हामीले चालु खर्च एकदमै न्यून गरिनु पर्छ भनिरहँदा यो प्राधिकरणहरु के का निमित्त यसमा प्रदेश सरकारलाई तुरुन्त करेक्सन गर्नका निमित्त म अनुरोध गर्न चाहान्छु। हामीले यो प्राधिकरणहरु बनाएर हामीले यो अनावश्यक संरचनाहरु थपेर हाम्रो जुन चालु खर्च बढाउने काम अगाडि बढाउन यो प्रदेश सरकारले यो नीति कार्यक्रम ल्याएको छ, यसमा पनि पुनर्विचार गर्न म अनुरोध गर्न चाहन्छु । महिला सशक्तिकरणको कार्यक्रम प्रदेश सरकारले यो नीति तथा कार्यक्रममा ल्याएको छ । अहिलेको युगमा महिला सशक्तिकरण होइन, यो त एनजिओ

आइएनजिओले गर्ने कार्यक्रम हो नि । यसमा पनि करेक्शन गर्नको निमित म अनुरोध गर्न चाहान्छु। शिक्षामा छोराछोरी दुवैलाई समान लगानी गर्न निती बनाउन हामी केन्द्रित हुनुपर्छ र पैत्रिक सम्पत्तिमा छोराछोरीमा समान हक हुनुपर्छ जबसम्म पैत्रिक सम्पत्तिमा छोरा र छोरी दुवैको समान हक हुँदैन तबसम्म महिलाहरु हामीले जतिसुकै समान अधिकारको कुरा गरेको भए तापनि त्यो ठाउँमा पुग्न असम्वभ प्राय छ । त्यसो भएको कारणले गर्दा हामीले यो कस्मेटिक कार्यक्रम गरेर हामीले परिकल्पना गरेको गण्डकी प्रदेशलाई समृद्ध प्रदेश बनाउने जुन एउटा लक्ष्य छ यो सफल हुन नसक्ने भएको कारणले गर्दा प्रदेश सरकारले, सरकारको हैसियतमा कार्यक्रम बनाउन पनि म हार्दिक अनुरोध गर्न चाहन्छु ।माननीय सभामुख महोदाय, हामीले कृषिमा उत्पादन बढाउँछौ र निर्यातलाई बढाउँछौ भनिरहँदा हाम्रै नीति कार्यक्रममा सिमल तरुल, बन तरुल, गिठा, भ्याकुर, कन्दमुललाई व्यवसायिक खेती गर्ने रे यो कति लज्जाको कुरा हो, यो त हिमाल, पहाड, तराई जोडरे बनेको यो गण्डकी प्रदेशको ११ वटा जिल्ला छ, यो प्रकृति नै आँफै हराभरा छ ।यसमा हामीले यो हाम्रो चिन्तनहरु, हाम्रो ओरेन्टेसनहरु कहीँ कतैबाट स्वचालित छ भन्ने मलाई लाग्छ, किनभने हाम्रो गण्डकी प्रदेशमा सुन्तला, स्याउ, अलैंची, लिची, चिया उत्पादनमा हामीले नगदे बालीहरुमा बढी लगानी गर्नु पर्छ । हामीले सिमलतरुल र कन्दमुलहरुलाई हामीले लगानी गर्न पर्ने अहिले नेपालको सन्दर्भ होइन, यसमा पनि यस्तो हस्यास्पद विषयवस्तुहरुलाई नीति तथा कार्यक्रममा नराख्नको निमीत्त म गण्डकी प्रदेश सरकारलाई अनुरोध गर्न चाहन्छु।माननीय सभामुख महोदय, नेपालको संविधानले सुरक्षित गरेका मौलिक हक र कर्तव्यहरुलाई जस्तै आधारभूत, स्वास्थ्य निःशुल्क गर्ने कुरा, शिक्षा निशुल्क गर्ने कुरा, रोजगारी सृजना गर्ने कुरा र पूर्वाधार विकासमा बजेट विनियोजन गर्नको निम्ति प्रदेश सरकारलाई आगामी दिनमा ध्यान केन्द्रित गर्न म अनुरोध गर्न चाहन्छु । स्वास्थ्यकै क्षेत्रमा हामीले हरेक प्रदेशवासीलाई स्वास्थ्यमा बिमा अनिवार्य गर्नुपर्छ भनिरहँदा हाम्रो यो नीति तथा कार्यक्रममा श्रमजीवि पत्रकारहरुलाई छुट्टै विमाको व्यवस्था गर्न पर्ने भन्ने छ, यो कताबाट ओरियन्टेड हो हामी पत्रकार, सुरक्षाकर्मी, जनप्रतिनिधि र आम जनता चाहिँ हामी समग्र हिसावले भन्ने हो भने यो गण्डकी प्रदेशवासी भएको कारणले यसको छुटै व्यवस्था गर्नु पर्दैन जस्तो मलाई लाग्दैन र धेरै कुराहरु यहाँ आएको छ र फेरी केही विषयवस्तुहरु अलि प्रष्ट नभएर आएको कारणले .गर्दा मैले आलोचनाको निम्ति

आलोचना गरिरहेको छैन । गण्डकी प्रदेश सरकारमा जनता समाजबादी पार्टि संसदीय दल पनि सहभागी छ र मैले सकारात्मक आलोचना किन गरिराखेको छु भने म गण्डकी प्रदेशवासीको निम्ति र गण्डकी प्रदेशको जनताको निमित्त हरपल चिन्ता गरिरहने एउटा प्रतिनिधि भएको हैसियतले हेर्दा यो नीति तथा कार्यक्रमलाई हेर्दा सन्तोषजनक नभएको र हाम्रो प्रि-बजेट छलफल भइसक्यो र हाम्रो नीति तथा कार्यक्रम हामी छलफल गरिरहेका छौं।यसकै आधारमा टेकेर हामीले आगामी बजेट ल्याँउछौं । यस्तै भएर होला हाम्रो अर्थतन्त्र हाम्रो आफ्नै एउटा दायरा भित्र छ यो छुट्टै कुरा हो तर भएको स्रोत र साधनलाई हामीले कसरी परिचालन गर्छौं र हामीले थोरै लगानीमा हामीले जनतालाई धेरै राहत दिने कार्यक्रम कसरी बनाउन सक्छौं। हामी गण्डकी प्रदेशको जनप्रतिनिधी भइरहँदा र हामी मंसिरमा चुनाव भएर फेरी यो ठाँउमा अरु जनप्रतिनिधि आउन सक्छ तर हामीले एउटा सिस्टम बसाल्ने कुरा हो । हामी गण्डकी प्रदेशको पहिलो सांसद भएको हैसियतले यहाँको संरचनाहरुलाई कसरी मजबुत बनाउने, गण्डकी प्रदेशको जनतालाई कसरी सक्षम बनाउने र कति प्रतिशत जनता संघीयता आइसके पछाडि संघ प्रदेश र स्थानीय ३ चरणको सरकार छ। संघीयता आइसके पछाडी कति प्रतिशत जनता हाम्रो नीति कार्यक्रम र बजेटमा व्यवस्था भएको नीति कार्यक्रम र बजेटले कति प्रतिशत जनतालाई हामीले रोजगारी दिलाउन सक्यौ र हामीले गरीवि न्यूनीकरण गर्नको निम्ति गण्डकी प्रदेश सरकारले हिजो नेकपाको सरकार थियो ३ वर्ष, अहिले डेढ वर्ष रनिङ्गमा यो गठवन्धनको सरकार छ र यी दुईटै सरकारलाई हामीले नजिकबाट नियालिरहेका छौं र हामीले दिने कार्यक्रमहरु र हामीले एकले अर्कोलाई दोषारोपण गरेर त्यो पन्छिने बाटो कसैलाई पनि छैन, म पनि जनप्रतिनिधि हो । हामीले यहाँको भूगोल, जनता र यहाँको सम्भावना के हो । यहाँको सबै चिजलाई समिश्रणलाई हामीले यहाँको समृद्धीको यात्राको निम्ति हाम्रो सबै नीति तथा कार्यक्रम र आगामी दिनको बजेट केन्द्रित हुनु पर्छ भन्ने मैले सुझावहरु राख्दै मेरो दलको यस नीति कार्यक्रममा समर्थन रहेको जाकारी गर्दै विदा हुन्छ । हस् त नमस्कार ।

माननीय सभामुख :-

माननीय सदस्य श्री सावित्रा रानालाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछी माननीय सदस्य श्री चिन्ता बहादुर घलेलाई ।

माननीय सदस्य श्री सावित्रा राना :-

माननीय सभामुख महोदय, हामी आ.व. २०७९/८० को नीति तथा कार्यक्रममा छलफलमा भाग लिइरहेका छौं । यो छलफलमा भाग लिनका लागि म पनि उपस्थित भएको छु । मेरो सर्वप्रथम विद्धान माननीयज्यूहरुलाई सत्तापक्षको माननीयज्यूहरुलाई अनुरोध छ । मैले यहाँ मलाई लागेका नीति तथा कार्यक्रममा लागेका विषयवस्तुहरु आफ्नो छलफलको हिसावले अगाडि बढाइरहँदा यहाँहरुको जावाफको मैले अपेक्षा गरेको छैन, यहाँहरुले जवाफ दिनका लागि त्यो आफ्नो समय नखर्चिनुहोला भन्ने चाहन्छु । यो जवाफ दिनका लागि सत्तापक्षले १२-१२ जना मन्त्री ज्यूहरु बनाउनु भएको छ, यो हेक्का पनि यहाँहरुलाई गर्नका पनि म अनुरोध गर्न चाहन्छु । यति कुरा गरिसकेपछि हामी यो नीति कार्यक्रममा छलफलमा भाग लिइरहँदा मैले पनि यो नीति कार्यक्रमलाई सरसरती हेरेको छु, पढेको छु । मेरो पनि यो नीति कार्यक्रम यस्तो आइदियोस् भन्ने हाम्रो दलको पनि मेरो पनि पक्कै पनि यो प्रदेशवासी जनताहरुको पक्षमै हुन्छ, हितकै पक्षमा हुन्छ । विगतका सरकारहरुले ल्याएका नीति कार्यक्रमहरु त्यो खालका थिए, यो प्रदेशलाई समृद्ध बनाउने, यो प्रदेशका जनतालाई सुखी बनाउने भावना बोकेर विगतका नीति कार्यक्रमहरुलाई यो नीति कार्यक्रमहरु आएका थिए, त्यसैमा टेकेर यो नीति कार्यक्रम आउँछ होला हाम्रो अपेक्षा हुने कुरा अन्यथा थिएन हामीलाई त्यो अपेक्षा राखेका थियौं तर यो नीति कार्यक्रमलाई हेर्दा त्यस्तो लाग्दैन मैले सरसरती यो नीति कार्यक्रमलाई हेरे नीति कार्यक्रम हेर्दा दिगो बिकाशको लक्ष्य, प्रदेशको प्रथम पञ्च वर्षिय योजनाको आधारमा टेकेर यो नीति कार्यक्रम आउन सकेको छैन । यहाँहरुले सत्तापक्षकै नजरबाट नहेरेर यो प्रदेशवासीका जनप्रतिनिधिको नजरबाट र विद्धान माननीय सदस्यहरुको नजरबाट हेर्यौं भने यसलाई यसरी देख्न सकिन्छ । माननीय सभामुख महोदय, नीति कार्यक्रमले ठूला र गौरवका योजनाहरु ओझेलमा पारेको देखिन्छ । यो नीति कार्यक्रम खुद्रे योजना बाँडेर कहीँ कतै आगामी निर्वाचन प्रभावित गर्न सकिन्छ कि भन्ने तिर लक्षित हो कि भन्ने कुरा पनि यो नीति कार्यक्रममा देख्न सकिन्छ ।सभामुख महोदय, मैले अघि नै भनिसकेको छु, दिगो विकासका लागि बैंकिंग योजना बनाउने कुरा विगतको सरकारले अघि सारेका योजनाहरु थिए । मलाई लाग्थ्यो यो नीति कार्यक्रममा आउँदा हामीले यी बैंकिंग योजना मार्फत यो प्रदेशलाई दीगो विकास र समृद्धीको बाटोमा उन्मुख गराउने खालका नीति कार्यक्रमहरु हामीले समेट्न सकिन्थ्यो होला त्यता तिर

हाम्रो नजर पुगेको छैन । के यो दीगो विकासका लक्ष्यका लागि बनाउन खोजिएको बैंकिंग योजना यो भन्नका लागि मात्र हो म यो सरकारलाई प्रश्न गर्न चाहन्छु । आज ५ औ वर्षको नीति कार्यक्रम ल्याउँदा दीगो विकास र महत्वपूण कार्यक्रमहरुका आधारहरु हेरेर योजना र प्राथमिकीकरण गरेर नीति कार्यक्रमहरु आउनु पर्थ्यो तर त्यस्तो हुन सकेको छैन । हामीले अहिले पनि दिगो विकासलाई अगाडि बढाएनौं, यो नीति कार्यक्रमले त्यो भन्दैन, अहिले पनि खुद्रे योजनाहरु सरकारको आफ्नो हैसियत भन्दा तल झरेर वडाका अध्यक्षहरुले बाँड्ने खालका योजनाहरु बाँड्ने दृष्टान्त राखेर यो नीति कार्यक्रम आएको छ भन्ने कुरा मलाई लागेको छ सभामुख महोदय ।सभामुख महोदय, यो कार्यक्रममा मैले २३ नं. बुंदामा देखें एक विद्यालय एक नर्स कार्यक्रम, यो असाध्यै लोकप्रिय कार्यक्रम छ । यो गर्न सक्दा असाध्यै राम्रो पनि छ तर मलाई विश्वास छैन यो सरकारले यो १ विद्यालय १ नर्स कार्यक्रम कार्यान्वयन गर्छ, लागु गर्छ भन्ने कुरा । हामीले देखेका छौं यो सरकारले प्रक्षेपण गर्ने बजेटको यो भोलुम पनि यसकारण यो लोकप्रियताका आधारमा ल्याउने कार्यक्रम जनता झुक्याउने नीति कार्यक्रम हो भन्न किन नसकिने सभामुख महोदय, मेरो यो सरकारलाई प्रश्न छ । यति मात्रै होइन, १ वडा १ जेष्ट नागरिक दिवा सेवा केन्द्र यो भन्दा असाध्यै लोकप्रिय देखिने कार्यक्रम, असाध्यै हाम्रा अग्रजहरुलाई सम्मान गरेको हो कि भन्ने कार्यक्रम तर व्यवहारमा ल्याँउदा यो कति प्रभावकारी हुन्छ त भनेर हेर्यौं भने साँच्चिकै यो कार्यक्रम एउटा वाडमा केन्द्रित गरेर एउटा केन्द्रमा दिवा सेवा केन्द्र बनायौं भने पनि त्यो वाडमा पुग्नका लागि अहिले के बाटाहरु ती सुव्यवस्थित छन् म यो माननीय सभामुख मार्फत प्रदेश सरकारलाई सोध्न चाहन्छु । त्यो २ घण्टा हिँडेर हाम्रा अग्रज वृद्ध बुवा - आमाहरु त्यो सेवा केन्द्रमा पुगेर त्यो सेवा लिन सक्नुहुन्छ त मैले यो सभामुख मार्फत यो प्रदेश सरकारलाई प्रश्न सोध्न चाहन्छु । यो लोकप्रियताको लागि ल्याइएका कार्यक्रमहरु हुन् भन्ने कुरा यसरी पनि पुष्टि हुन्छन्, सभामुख महोदय । यहाँ खेल छ गण्डकी भनेर पनि एउटा मिठो स्लोगन ल्याइएको छ । मलाई लाग्छ अघिल्लो सरकारले यो खेलकुदको माध्यमबाट धेरै युवाहरुलाई खेलकुदमा जोड्दै धेरै युवाहरुलाई स्वस्थ बनाउने, स्वरोजगार बनाउने र यो प्रदेशलाई खेलकुदको हव बनाउने यी असाध्यै राम्रा पवित्र उद्देश्यहरु थिए, तर कहीँ कतै यी उद्देश्यहरु ड्रिल भएका हुन कि भन्ने कुरा यो नीति कार्यक्रमलाई हेर्दा देख्न सकिन्छ । साँच्चिकै हामीले

भनेको एक स्थानीय तह एक खेलकुद मैदान आज हामीले हेर्यौं भने ति खेलकुद मैदानको अवस्थालाई हेर्यौं भने हामीले यो सरकार खेलकुद खेल्छ गण्डकी भन्ने यो नारा, नारामा मात्रै सीमित त हुने होइन हामीलाई त्यो चिन्ता किन नगर्ने सभामुख महोदय । यो खेल्छ गण्डकी यस्तो मक्सदका हिसाबले पनि आएको होला भन्ने लाग्छ । खेल्नका लागि फरक क्षमता भएका खेलाडीहरुलाई पनि समेट्दै यो गण्डकी सबै क्षमता भएका नागरिकहरुले खेल्न सक्छ भन्ने खालको त्यो हिसावले पनि यो गण्डकीलाई खेलकुदका सन्दर्भमा त्यो हव बनाउन सकिन्छ कि भन्ने उद्देश्य पनि हुन सक्छ तर यस्तो यो देखिदैन । यो अघिल्लो सरकारले यो उद्देश्यका खातिर ल्याएका यी कार्यक्रमहरु अहिले कहिं कतै ड्रिल भएको हामीले पाउन सक्छौं सभामुख महोदय। युवा रोजगारलाई पनि यो खेलकुद सँग जोड्न सकिन्छ । मैले एउटा कुरा राख्न चाहन्छु, युवा रोजगारलाई खेलकुदसँग जोड्दै गर्दा हामीले हाम्रा विद्यालयहरुमा खेलकुदको शिक्षकहरु राखेर युवाहरुलाई स्वास्थ बनाउने कुरा, खेलकुदको माध्यमबाट युवाहरुलाई अनुशासित बनाउने कुरा यी धेरै कुरा पनि गर्न सकिन्छ र स्वरोजगारीसँग पनि जोड्न सकिन्छ, यसलाई पनि यो नीति कार्यक्रममा समेट्न सक्दा र समेट्नका लागि यहाँ म आफ्ना भनाई राख्न चाहन्छु, यो प्रदेश सरकारलाई सभामुख मार्फत। एक स्थानीय तह एक खेल मैदानको कुरा यो कुरामा मात्र होइन आगामी दिनमा त्यो खेलमैदानलाई बजेटको व्यवस्था गरेर ती खेलमैदानहरु साँच्चिकै स्थानीय पलिकाका खेल मैदान हुन् भन्ने कुराको अनुभूति दिलाउने कुरामा यो सरकार अगाडि बढ्नु पर्छ मैले सभामुख मार्फत यो भनाई राख्न चाहन्छु । १ निर्वाचन क्षेत्र १ कृषि कार्यक्रम भनेर यहाँ ल्याइएको छ । त्यति मात्रै होइन,१ निर्वाचन क्षेत्र १ कृषि सडक यी धेरै कुराहरु जोडिएका छन् । मैले यो १ निर्वाचन क्षेत्र१ कृषि सडक भन्ने यो नीति कार्यक्रममा देखिकेपछि मलाई एउटा जिज्ञासा लाग्यो। यो एक निर्वाचन क्षेत्र एक कृषि सडक त्यसलाई त्यो कृषि सडकको योजना छनोट गर्ने विधि के हो भनेर भन्दा कार्यविधि बन्छ भन्ने कुरा सरकारको मार्फत होइन, सरकारका माननीयज्यूहरुले यस्तो खालको जवाफ पनि दिनु भएको थियो तर मैले यहाँ राख्न चाहन्छु, यो एक कृषि सडक कार्यक्रम यहाँ ल्याइरहँदा एक निर्वाचन क्षेत्र एक सडक कार्यक्रमलाई ओझेलमा पार्ने काम नगरियोस मेरो निर्वाचन क्षेत्रमा एउटा कृषि सडक छ, त्यो कृषि सडक अहिले पनि अलपत्र छ तर त्यो निर्वाचन क्षेत्रका धेरै जनताहरुलाई समेट्ने खालको त्यो कृषि सडक छ।त्यो

कुश्मिशेरा सर्कुवा विनामारे जैदी छिस्ती अर्जेवा सडक छ त्यो असाध्यै धेरै जनताहरुलाई समेट्ने खालको त्यो कृषि सडकको रुपमा लिन सकोस यो सरकारले मैले यो पनि अनुरोध गर्न चाहान्छु।यति कुरा गरेर अन्तिममा मैले यो नीति कार्यक्रम गत वर्ष पनि सरकारले सालवसाली कार्यक्रमलाई श्रोत व्यवस्थापन गर्न भनेको थियो गरेन मैले यहाँ राख्न चाहन्छु।यो ढाँटको निम्तो खाई पताउनु भने जस्तै यो नीति कार्यक्रम पनि जनतालाई ढाँटने शब्दै शब्दको पुलिन्दा नबनोस सरकारको गम्भिर ध्यानाकर्षण गर्न चाहान्छु। धन्यबाद ।

माननीय सभामुख :-

माननीय सदस्य श्री चिन्ता बहादुर घलेलाई छलफलमा भाग लिन समय दिन्छु ।त्यसपछी माननीय सदस्य श्री दिलमाया रोका ।

माननीय सदस्य श्री चिन्ता बहादुर घले :-

माननीय सभामुख महोदय, आज हामी यहाँ २०७९/८० सालको नीति तथा कार्यक्रम बजेटमा सहभागी भएको छु । म भन्दा धेरै माननीय विद्धान साथीहरुले बोलिसक्नु भयो, तैपनि म एउटा दुईटा बुँदामा बोल्न मन लाग्यो । वुदान. ३ मा बालबालिका तथा पोषणमा सुधार ल्याउन बहुक्षेत्रिय पोखरा पोषण कार्यक्रम प्रदेश सरकारले सबै कार्यक्रम, पुलको उद्धाटन गरिने छ साथै गर्भवति तथा सुत्केरी महिलाको स्वास्थ्यमा सुधार ल्याउन स्थानीयसँगको सम्झौतमा गरी विशेष प्याकेजको ..(प्राविधिक गडबडी)..... बालबच्चा र सुत्केरीको स्वास्थ्य राम्रो भएको हुनुपर्यो । बालबच्चा तथा सुत्केरी महिलाको स्वास्थ्य भए मात्र जीवन हुन्छ। स्थिति राम्रो हुन सक्छ । अर्को वुदान. ४ मा जेष्ठ नागरिक, स्वास्थ्य सेवा प्रभावकारी ढंगले प्रदान गर्न प्रदेश सरकारसँग बा-आमा कार्यक्रम संचालन गरिनेछ साथै मानव सेवा आश्रम, वृद्धाश्रम, अस्थिर दिर्घ रोग लागेका विरामीको नियमित सेवन गर्नु पर्ने औषधी निःशुल्क रुपमा उपलव्ध गराइने छ । यो पनि राम्रो लाग्यो मलाई, किनभने हामी सबै वृद्ध हुन्छौं वृद्धहरुलाई स्याहार हुनु पर्यो । अर्को बुदा नं २४ मा प्रदेशमा रहेका मेडिकल कलेजहरुको सेवालाई जिल्ला अस्पतालसँग आवद्ध गर्दै विशेष स्वास्थ्य सेवा प्रदान हुने गरी स्वास्थ्य सेवा विस्तार गरिने छ ।दुर स्वास्थ्य नीति अनुसार दुर्गम क्षेत्रमा रहेका स्वास्थ्य संस्थालाई विशेष सेवाको पहुँच बिस्तार गरिने छ यो पनि राम्रो लाग्यो किनभने स्वास्थ्य राम्रो हुनुपर्यो ।

सबभन्दा दुर्गमको लागी असुविधा हुन्छ। अर्को बुदा नं. ३१ मा स्थानीय तहमा ग्रामीण अल्ट्रसाउण्ड यु.एस.जी. कार्यक्रम विस्तार गरिनुका साथै जिल्ला अस्पतालहरुमा गर्भवति महिलाहरुको लागि निःशुल्क अल्ट्रासाउण्ड यु.एस.जी. सेवा प्रदान गरिने छ, जन शक्तिका आवश्यकताको आधारमा देशभरिका स्थानिय तहमा बर्थिङ्ग सेन्टरको बिस्तार तथा सुदृढीकरण गरिने छ । आपूर्ति सेवालाई प्रभावकारी बनाउन नवलपरासी वर्दघाट र सुस्ता पूर्वका कावासोती र गोरखाको च्याम्लिमा स्वास्थ्य संस्था स्थापना गर्ने कुरा अगाढि बढाएको छ। स्वास्थ्यमा हेर्दा यो राम्रो लाग्यो। अर्को बुदा नं. ४० मा सीपयुक्त शिक्षा प्रदेशवासीको इच्छा अवधारणा अनुसार, बजारको माग अनुसार सीपयुक्त मानव संसाधन विकास गर्न न्यूनतम प्राविधिक विषयमा पाठ्यक्रम निर्माण तालिम, सामाजिक विकास तालिम विस्तार निर्माण र सीप प्राविधीकरण गर्न पर्ने जस्ता विषयमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम पहिचानको क्षमता विकास गरिने छ । अटोमोवाइल, इन्जिनीयरिङ, कृषि पशु विकास तथा इको टुरिजमलाई हस्पिटालिटी माउण्टेरिङ लगायतका विषयमा भने पछि यो पनि राम्रो छ किनभने अहिले जमानै प्राविधिकको जमाना आइसक्यो । हाम्रै मनाङमा एउटै स्कुलमा एउटै विषयमा मात्रै पढाउँछ र एउटै विषयमा पढाउँदाखेरी जागिर पाउनै गाह्रो हुन्छ र प्राविधिक लाईन पढाएदेखि त सबैलाई राम्रो हुने भयो । त्यसो भएर यो मलाई राम्रो लाग्यो। वुँदान. ४६ मा स्थानीय तह सँगको सहकार्यमा दुर्गम तथा हिमाली क्षेत्रमा प्राविधिक नमुना आवासिय विद्यालय व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइने छ। यो पहिलो सरकारले गरेको यो निरन्तर दिइराखेको छ । यो दुर्गम जिल्लामा यो असाध्य राम्रो हो । पहिला सरकारबाट गरेको यो निरन्तरता छ यो ।प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रमलाई निरन्तरता वुँदानं ५० मा निरन्तरता दिइने छ । प्राविधिक शिक्षालयबाट नेपालमा सञ्चालित प्राविधिक कक्षाहरुलाई रोजगारी र स्वरोजगारको अवसर सृजना गर्न प्रोत्साहित गरिनेछ । प्राविधिक शिक्षालयमा सिक्दै कमाउँदै कार्यक्रम संचालन गर्न सहयोग पुर्याउने विद्यार्थीहरुमा वैज्ञानिक एवं समालोचनात्क चिन्तनको विकास गर्न शिक्षा विज्ञान प्राविधिक ईन्जिनियरिंग र गणित एसईमा जस्ता विषयहरुलाई पाठ्यक्रमको अंग बनाई प्रदेश स्तरमा विस्तार गरिने यो पनि राम्रो छ किनभने जमानै विज्ञानको जमाना आयो । अर्को प्रदेश मापदण्ड निर्माण गरी कक्षा ११ र १२ तथा स्नातक तहमा विज्ञान र गणित मुल विषय लिई अध्ययन गर्ने र स्नातक तहमा प्राविधिक विषय अध्यापन गर्ने गरी

लोपोन्मुख, दलित, शहिद तथा वेपत्ता परिवारको बालबालिकाको लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ भन्ने यो पनि राम्रो छ। सभामुख महोदय, गण्डकी प्रदेश सरकारले यसलाई म अनुरोध गर्न चाहान्छु कि अध्ययनमा लोपोन्मुख दलित र शहिद त्यसमा अलि दुर्गम पनि थपिदिनुहोस् मेरो अनुरोध छ। अरु हिमाली जिल्लाहरुमा परम्परागत ढंगबाट पालिने गरेका भेंडा, च्यांग्रा पालन कार्यलाई व्यवसायीकरण गर्न अनुदान दिने नीति लिइने छ र राडीपाखी लगायतका सामग्रीको उत्पादन तथा विक्रिमा जोड दिइनेछ। त्यो पनि हिमाली भेगलाई त राम्रो हो तर यसमा भेंडा च्यांग्रामा मात्र होइन सभामुख महोदय, गण्डकी प्रदेश सरकारले याक र चौंरी पनि थपिदिनुपर्यो मेरो अनुरोध । वुँदान. १४४ मा प्रदेशमा आलु उत्पादन वृद्धि गर्ने नीति बमोजिम वाग्लुङको बाह्रखोला, ढोरपाटन, कास्कीको हेम्जा, गोरखाको धार्चे, लगायतका स्थानमा आलु प्याकेट क्षेत्रका रुपमा विकास गर्ने आलु विशेष कार्यक्रम उत्पादनमा कृषकलाई अनुदान दिने नीति लिईने छ। टिमुरलाई प्राविधिक रुपमा उत्पादन गरिएको छ । यसमा पनि सभामुख मार्फत प्रदेश सरकारलाई म यो अनुरोध गर्छु कि यसमा पनि मनाङ जिल्ला भनेर थपिदिनु पर्यो मेरो अनुरोध । बुँदा नं १७१ मा अत्यावश्यक उपभोक्ता सामग्रीहरुको समयमा आपूर्ति व्यवस्था मिलाइने छ । समृद्धिको लागि निर्यात भन्ने सोचका साथ नेपाल सरकारको समन्वयमा प्रदेश र अन्तराष्ट्रिय नाकाहरु लार्के कोरोला र त्रिवेणीमा ल्याउन गुरु योजना तयार गरी न्यूनतम पूर्वाधार विकास गर्न आवश्यक पहल गरिनेछ यो हेर्दा राम्रो छ, सभामुख महोदय । यसमा अलिकति संसोधन गर्नुपर्ला, गण्डकी प्रदेश सरकारलाई अनुरोध गर्छु कि, यो लार्के, भन्दा पनि यो लार्के रोइला भन्ज्याङ भनेर लेख्नुपर्यो । लार्के भनेको मनाङ र गोरखाको सीमाना हो हजुर यो लार्केको रुइलाभन्ज्याङ भनेको तिब्बतको सिमाना हो, त्यसमा यो थप्नु पर्यो रुइलाभन्ज्या । वुँदान. १८९ मा जडिबुटी सम्बन्धी प्रमाणपत्र र सीपको अभिलेखन गर्दै मनाङ, मुस्ताङ, लमजुङ, गोरखा, वाग्लुङ म्याग्दी जिल्लामा पकेट खेती र जडिबुटी खेती गरिनेछ र जडिबुटीमा उचित मूल्य अभिवृद्धि भनेर लेख्नुभएको रहेछ यो त मैले पहिलाको सरकारमा मागेको कुरा हो र यसमा पनि राखेको हो। यसमा कार्यविधि वनाँउदा खेरी तपाईं गण्डकी प्रदेश सरकारले राम्रो बनाउनु पर्यो, जस्तोकि यो ५, ६ लाखको योजना बनाएर काम छैन, पैसा मात्रै खेर जान्छ यो। मैले पहिले देखि भन्दै आएको छु। पहिलाको सरकारलाई पनि त्यही अनुरोध गरे। अहिले त म त्यही भन्छु हिमाली

भेगमा कुन कुन जडिबुटी पाँउछ त्यही ठाउमा गएर ठाउँ हेरेर विशेस ज्ञान प्राप्त गर्नु पर्यो नत्र भने यो पैसा मात्र खेर जान्छ । अन्तमा २८८ मा, जल उत्पादन प्रर्वधन न्युनिकरणका लागि जोखिमपूर्ण क्षेत्रमा पूर्व सूचना प्रणाली जडान गरी व्यवस्थित गरिने छ । मनाङ जिल्लाको बाढी प्रभावित क्षेत्रमा गुरु योजनामा आधारित व्यवस्थित गरी नियन्त्रणमा वस्ती व्यवस्थित गरिने छ । आपतकालिन व्यवस्था समेत तत्काल संचालन गरिनेछ। यसमा धेरै धन्यवाद गण्डकी प्रदेश सरकारले अलि ढिलो भयो तर तपाईंहरुले यो राखिदिनु भयो म एकदम खुशी छु, यो राखिसकेपछि तपाईंहरु यहाँ विद्धान मन्त्रीज्यूहरु पनि हुनुहुन्छ । पक्कै बजेट पनि राखिदिनु हुन्छ होला, आशा लिंदै यो नीति कार्यक्रममा मेरो तर्फबाट पुरा समर्थन गर्दै विदा लिन्छु। जय नेपाल ।

माननीय सभामुख :-

माननीय सदस्य श्री दिलमाया रोका गौतमलाई छलफलमा भाग लिन समय दिन्छु। त्यसपछी माननीय सदस्य श्री चन्द्रमोहन गौचन ।

माननीय दिलमाया रोका गौतम

माननीय सभामुख महोदय, आज हामी आ.व. ०७९/८० को नीति तथा कार्यक्रम माथी छलफलकै क्रममा रहेका छौं । यहाँ थुप्रै विद्वान माननीयज्यूहरुले आ.व. ०७९/८० को नीति तथा कार्यक्रम माथि आफ्नो भनाईहरु राखिसक्नु भएको छ । मेरो पनि त्यो भन्दा पृथक र नयाँ खालको त छैन । तैपनि मैले आफ्नो केही बुझाईहरु प्रस्तुत गर्न चाहान्छु। माननीय सभामुख महोदय, यो आ.व. ०७९/८० को नीति तथा कार्यक्रममा गण्डकी प्रदेश सरकारले जुन खालको नीति तथा कार्यक्रम यहाँ प्रस्तुत गरेको छ । गण्डकी प्रदेश सरकारको भौगोलिक र वस्तुगत अवस्थालाई हेर्दा र अहिलेको आवश्यकता र प्राथमिकतालाई हेर्दा अहिलेको जुन नीति तथा कार्यक्रममा अहिलेको प्राथमिकता र आवश्यकतालाई लिपिवद्ध गर्ने कुरामा धेरै राम्रा कुराहरु पनि समेटिएका छन् । सिद्धान्ततः यो नीति तथा कार्यक्रममा धेरै राम्रा बुँदाहरु समेटिएको छ र म गण्डकी प्रदेश सरकारलाई यसको यथाशिघ्र कार्यान्वयनको कामना सँगै मेरो दल र मेरो तर्फबाट समर्थन पनि गर्दछु । मुख्य कुरा हिजोका दिनमा हामीले के गर्यौं र आज के गर्दैछौं भोली यसको प्रभाव के कस्तो हुन्छ भन्ने प्रमुख कुरा हो जस्तो लाग्छ र यस कुरामा सरकारको हेक्का हुन जरुरी छ । जुन उद्देश्य र लक्ष्यका साथ यो नीति तथा कार्यक्रम आएको छ । यसको जिम्मेवारी र जवाफदेही निकाय सरकार भएको हुँदा

यसको कार्यान्वयन पक्षको मुख्य पाटो प्रदेश सरकारको हो र नीति तथा कार्यक्रममा लिपिवद्ध गर्ने कुरामा हाम्रो भाषा शैली सबै लयवद्ध हुन्छ र सुन्दर छन् । अबका दिनमा यसको सुन्दर पक्ष यसको कार्यान्वयन र परिणाममा हुनेछ यसको हेक्का सरकारसँग हुनु पर्दछ र होस् भन्ने पनि मैले भन्न चाहन्छु ।सभामुख महोदय, नीति तथा कार्यक्रममा राम्रो हुँदा हुँदै केही समस्याहरु पनि छन्, मुख्य कार्यान्वयनको पक्ष हो । जबसम्म संविधानमा भएको अधिकारको वाँडफाँड सही ढंगले हुँदैन तबसम्म हामीले लिएको लक्ष्य र उद्देश्य पूरा गर्न मैले कठिन देख्छु । त्यसकारण अहिलेको अवस्थामा पहिलो कुरा जनतालाई चाहिएको भनेको पारदर्शीता र प्रभावकारीता हो । सरकारले लगानी गरेका हरेक क्षेत्रमा जनतालाई सेवा प्रवाह गर्ने कुरामा प्रभावकारी हुन सकिरहेको छैन । हामीले शिक्षा र स्वास्थ्यमा मात्रै हेर्ने हो भने पनि हाम्रो त्यहाँको व्यवस्थापन, जिम्मेवारी र जवाफदेहितामा थुप्रै समस्याहरु छन् । मैले मेरो छोराछोरीलाई सरकार विद्यालयमा पढाउँछु, मैले हिजोका दिनमा वोर्डिङ्गमा म आफूले पनि पढाएर आएको एउटा शिक्षिका पनि हो त्यहाँ धेरै भिन्नता छ सरकारी र निजी क्षेत्रमा । सरकारले जहाँ लगानी गर्छ त्यहाँको व्यवस्थापन, जिम्मेवारी, जवाफदेहिता प्रभावकारी ढंगले हुन सकिरहेको छैन । स्वास्थ्यमा पनि थुप्रै कुराहरु समेटिएको छ तर मलाई के लाग्छ भने सरकारको ध्यान रोग लाग्न भन्दा रोग लागेपछी उपचार गर्नु भन्दा रोग लाग्न नदिनु उत्तम उपाय हो भन्ने कुरामा सरकारको ध्यान जान जरुरी छ । हाम्रो नीति तथा कार्यक्रमहरुमा धेरै कुराहरु समेटिएको छ, तर के लाग्छ भन्दाखेरी जनता विरामी भयो, विरामी भइसकेपछि धेरैथोरै उपचार सरकारले गर्छ भन्ने खालको जुन खालको म आँफुलाई त्यस्तो खालको अनुभूति भइरहेको छ । यसकारण रोग लाग्नु भन्दा रोग लाग्न नदिनु नै सर्वोत्तम विधि हो र त्यतातिर सरकारको ध्यान जान जरुरी छ । त्यस्तैगरी कृषिमा हाम्रो उत्पादन गर्ने उत्पादकत्वमा वृद्धि गर्ने र त्यसको बजारीकरण गर्ने हामीले गरीविको न्यूनीकरण गर्ने र समृद्धीको कुरा गरिरहँदा हामीले यसलाई उत्पादनमा वृद्धि गर्ने, उत्पादकत्व बढाउने र यसको बजार व्यवस्थापन गर्ने कुरामा अझ थुप्रै समस्याहरु छन् र यो कृषिकै बुंदामा महिलाको रोजगारी कृषिको जिम्मेवारी भनेर जुन खालको बुँदा राखिएको छ, मलाई लाग्छ, कृषि उत्पादन गर्ने उत्पादकत्व बढाउने महिलाको मात्र जिम्मेवारी र भूमिका हो जस्तो लाग्दैन । यसमा महिलाको ठाउँमा श्रमिकको रोजगारी र कृषकको जिम्मेवारी भनेर राख्नुपर्छ जस्तो मलाई लाग्छ र त्यस्तै

गरी हाम्रो वनको क्षेत्रमा हेर्दा पनि हाम्रा थुप्रै विकास निर्माणकै काम गर्दा पनि थुप्रै व्यवधानहरु रहेको छ र यसमा हामीले वनमा जुन एक निर्वाचन क्षेत्र एक कृषि नमुना वन भनेको छ । यसमा मलाई के लाग्छ भने १ निर्वाचन क्षेत्र १ कृषि नमुना वन हामीले भन्दै गर्दा हामीले नीति तथा कार्यक्रममा उल्लेख गर्दैगर्दा हामी १ निर्वाचन क्षेत्र १ नमुना कृषि वनमा हामीले हावापनी सुहाउँदो खालको हामीले नचाहिने बोटविरुवालाई फालेर हामीलाई चाहिने फलफूलका विरुवाहरु हामीले जीवनोपयोगी विरुवाहरु त्यहाँ लगाउन सक्यौं भने त्यहाँ हामीलाई आर्थिक उत्पादन रोजगारीको कुरामा पनि टेवा पुग्न सक्छ भन्ने मैले आफ्नो बुझाई राख्न चाहन्छु र अहिले सरसरति हेर्दा जुन खालको ०७९/८० को एउटा नीति तथा कार्यक्रम यहाँ प्रस्तुत भएको छ, यसमा सिद्धान्ततःनीति तथा कार्यक्रममा लिपिवद्ध गर्नु पर्ने कुराहरुमा धेरै राम्रो कुराहरु समेटिएका छन् । सरकारको यो नीति तथा कार्यक्रम गण्डकी प्रदेश सरकारको एउटा मार्गदर्शक सिद्धान्त पनि हो जुन कुराहरु सिद्धान्तमा समेटिएका छन् यो कुरालाई व्यवहारमा कार्यान्वयन गरेर अझै यो गर्दै गयो भने यसको सुन्दर पक्ष झल्किने छ । गण्डकी प्रदेश सरकारले यसको कार्यन्वयन पक्षमा यथाशिघ्र कार्यान्वयन होस् भन्ने शुभकामना व्यक्त गर्दै यसमा मेरो दल र मेरो तर्फबाट समर्थन रहेको जानकारी गराउँदै विदा हुन चाहन्छु । धन्यवाद ।

माननीय सभामुख :-

माननीय सदस्य श्री चन्द्रमोहन गौचनलाई छलफलमा भाग लिन समय दिन्छु।त्यसपछी माननीय सदस्य श्री लक्ष्मी सुनारलाई छलफलमा भाग लिन समय दिन्छु।

माननीय सदस्य श्री चन्द्रमोहन गौचन :-

माननीय सभामुख महोदय, यस सम्मानित सभामा माननीय प्रदेश प्रमुखज्यूबाट प्रस्तुत आ.व. २०७९/८० को नीति तथा कार्यक्रम प्रस्तुत भइसकेको छ । आज हामी प्रस्तुत सरकारको नीति तथा कार्यक्रम माथि छलफलमा सहभागी छौं । सारमा यो नीति तथा कार्यक्रम यथार्थता जनमुखी र प्रदेशको विकास र समृद्धिमा आधारित नभएर भाषिक, शब्दजाल, मिठास र परिकल्पनामा आधारित चुनावी एजेण्डाले भरिएको घोषणा पत्रको रुपमा प्रस्तुत गरिएको यो पुस्तिकाको रुपमा लिएको छु । सभामुख महोदय, सर्वप्रथम त मिति २०७९ जेठ १५ गते पोखराबाट जोमसोम तर्फ १९ जना यात्रु र ३ जना

चालक दलका सदस्य सहित २२ जना तारा एयरलाइन्सको विमान मुस्ताङको थासाङ गा.पा. वडा नं.२ स्थित मानापाथी हिमालदेखि तल सानोशहरे भन्ने ठाउँमा दुःखद दुर्घटना भई ज्यान गुमाएका चालक दलका सदस्य सहित १९ जनाको दिवंगत यात्रु प्रति मृत आत्माको चिरशान्तिको कामना गर्दै समवेदना व्यक्त गर्दछु । यस दुःखद घडीमा शोकसन्तप्त परिवार प्रति धैर्यधारण गर्न सक्ने शक्ति मिलोस् भन्ने कामना गर्दछु । सभामुख महोदय मार्फत यस प्रदेश सरकारको समेत ध्यानाकर्षण गराउन चाहन्छु कि, पोखरा जोमसोम उडान एक त हिमाली उडान हिमालको खोंचबाट जहाज उडाउनु पर्ने वाध्याता र उच्च हिमाली हावा र बर्षातको समयमा हुने बादल मौषम परिवर्तनले निरन्तर दुःख दिईरहन्छ । अर्को गम्भिर बिषय जब जहाज घोडेपानीबाट जोमसोम तर्फ प्रवेश गर्दछ, मुस्ताङ लेते क्रस नगर्दा सम्म चार मिनट पोखरा र जोमसोमको टावरसँग चालक दलका सदस्यसँग सञ्चार सम्पर्क हुँदैन । मौसमको पूर्व जानकारी पनि हुँदैन । अगाडिको परिस्थितिको सञ्चार मार्फत पूर्व जानकारी नहुँदा विना सम्पर्क जहाज उडाउँदा परिस्थितिको आँकलन गर्न नसकि त्यस क्षेत्रमा यस अगाडी थुप्रै जहाज दुर्घटना भएका छन् । यो दुर्घटना पनि त्यसैको निरन्तरता हो ।सभामुख महोदय, त्यस क्षेत्रमा जहाज उडान सुरु हुनुभए हालसम्म टावरमा सम्पर्क र सूचना प्रदान गर्ने उपकरण जोडिएका छैनन । यो सम्बन्धित निकायको लापरवाही वेवास्था पनि हो । यसकारण त्यस उडान अवधिभर टावरसँग नियमीत सम्पर्क हुने व्यवस्था यस नीति र कार्यक्रममा सुरक्षित हवाई संचालन सम्बन्धित निकायको ध्यान आकर्षण गर्न माग गर्दछु । सभामुख महोदय, नीति र कार्यक्रम माथि यस सदनमा भइरहेको दवाफार छलफल हुँदै गर्दा मैले बुँदागत रुपमा संसोधन राख्दै सोहि मुताबिकको कार्यन्वयन गर्न माग गर्दछु । बुदा नं. २ बढ्दो शहरीकरण तथा आन्तरिक वसाई सराई जस्ता विषयको समयानुकूल, वसाइ सराई र खेती गरी खान पुग्ने पर्याप्त जग्गा जमिन नहुने गरीव युवाहरु रोजगारीका कारण विस्थापित भएकोले यस प्रकारको समस्यालाई रोक्न प्रदेश सरकारले कागजीको नीति कार्यक्रम होइन व्यवहारिक नीति र कार्यक्रम बनाई लागु गर्न सभामुख मार्फत सम्बन्धित निकायको ध्यान आकर्षण गर्न चाहन्छु । बुदा नं. १२१, बाँझो जग्गा कृषि उपयोगमा ल्याई कृषि उत्पादनमा वृद्धि गर्ने भन्ने विषयमा कृषिमा परिवर्तन गर्नलाई युवा जनशक्तिलाई रोजगार र आयआर्जन लगाउनलाई व्यक्ति सँगको पूर्जावाल जग्गाले मात्र पर्याप्त हुँदैन । त्यसको लागि सरकारी स्वामित्वमा रहेको सार्वजनिक प्रति जग्गा वन

क्षेत्र बाहेकलाई संघीय सरकार मातहतको वन मान्त्रालयसँग नीतिगत कानुनी बन्देज खुला गरी कृषि प्रयोजनको निमित्त कृषक उद्यम व्यवसायी गर्ने जनतालाई लिजमा दिई कृषि उत्पादन बढाउने, रोजगार सृजना गर्ने, पर्यावरण जोगाउने जस्ता कार्य गर्नका लागि नीति तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्न सभामुख मार्फत सम्बन्धित निकायको ध्यान आकर्षण गर्न माग गर्दछु । बुदा नं. १२६ मुख्यमन्त्री जलवायु मैत्री नमुना गाउँ कार्यक्रमको सवालमा गण्डकी प्रदेश अन्तरगतको एक हिमाली जिल्ला मुस्ताङ पनि हो । मुस्ताङमा जलवायु परिवर्तनको उच्च जोखिम छ, त्यहाँ जलवायु परिवर्तनका कारणले वस्ती नै सरेको छ । सभामुख महोदय, हिमालमा हिउँ पग्लने क्रम तीव्र छ त्यसैको कारणले बाढी पहिरो, जमिन कटान तीब्र गतिमा हुनुका साथै जनतालाई प्रत्यक्ष असर पारेको छ । सरकारले भने, जलवायु परिवर्तनको कारणले हिमाली जिल्ला आक्रान्त भएको कुरालाई नजरअन्दाज गर्दै मुख्यमन्त्री कृषि नमुना गाउँको कर्मकाण्डी, नमुना गाउँको सुगा रटाईको नीति र कार्यक्रम प्रस्तुत गर्छ । माननीय सभामुख महोदय मार्फत मुस्ताङको जलवायु परिवर्तन र त्यसको असरलाई न्यूनीकरण गर्न अविलम्व नीति तथा कार्यक्रम व्यवस्था गरी कार्यान्वयन गर्न सभामुख मार्फत सम्बन्धित निकायको ध्यान आकर्षण गर्न माग गर्दछु । बुदा नं. १३७ मुस्ताङ, मनाङ स्याउ प्रशोधन केन्द्र स्थापना सम्बन्धमा मुस्ताङको सदरमुकाम जोमसोममा जिल्ला स्तरको प्रविधियुक्त भण्डार स्याउ ग्रेडिङ, वाक्सिङ, प्याकेजिङ्ग एविसी ग्रेट अनुसारको कार्टून प्याकिङ व्यवस्था गरी गुणस्तरीय स्याउ बजार पुर्याउने र अन्य कम गुणस्तरको स्याउ व्याण्डी, सुकुटी, साइटर जाम लगायतका प्रशोधन गरी आय आर्जन गर्न सकिने भएकोले प्रस्तुत नीति तथा कार्यक्रममा यस बिषयलाई सभामुख मार्फत सम्वन्धित क्षेत्रको ध्यानाकर्षण गर्न चाहन्छु । बुदा नं. १५१ गण्डकी प्रदेशलाई प्रमुख पर्यटकीय गन्तव्य बनाउने व्यवस्था सम्बन्धमा गण्डकी प्रदेशको पर्यटन प्रर्वदन गर्नका लागि ११ वटै जिल्लालाई समेटी बृहत पर्यटनको गुरु योजना बनाई होटल लजको श्रेणिगत वर्गीकरण, पूर्वाधार विकास र सुरक्षा लगायत विकासको लागि गण्डकी प्रदेशको आफ्नै प्याकेज बनाई प्रवर्धन गर्न सभामुख मार्फत सम्बन्धित निकायको ध्यान आकर्षण गर्न माग गर्दछु । बुदानं २२९ नदी तथा खोलामा तटवन्द निर्माण गरी वस्ती जोगाई नदी किनारको जग्गा उकास गरी स्याउ खेती गर्ने व्यवस्था सम्बन्धमा मुस्ताङ जिल्लाको कालीगण्डकी नदी आसपासका वस्ती भन्दा नदीको सतह भन्दा, पानीको वहाव माथि भई वर्षेनी धनजनको क्षति हुने

जोखिम बढेको र मुस्ताङ जिल्ला संरक्षण क्षेत्रमा भएकोले वातावरणीय प्रभाव मूल्याङ्कन इआइए गरी नदीजन्य पदार्थ गिटी बालुवा प्रयोग र निकाशीको लागि आवश्यक कानुनी प्रकृया पूरा गरी प्रयोग र निर्यात गर्ने नीतिगत व्यवस्था थप गर्न सभामुख मार्फत सम्बन्धित निकायको ध्यान आकर्षण गर्न माग गर्दछु । सभामुख महोदय, मुस्ताङ जिल्लामा आन्तरिक राजश्व कार्यालयको शाखा कार्यालय नभएको हुँदा राजश्व अडिट गर्न र करचुक्ता लिन क्षेत्रीय कार्यालय वाग्लुङ जानु पर्ने भएको हुँदा कर लिने भन्दा पनि अतिरिक्त खर्च हुने भएकोले जिल्लावासी अधिकांश जनताहरु राजश्व तिर्न नजानेर पछि जरिवानामा पर्ने समस्याको अवस्था व्याप्त रहेकोले यस नीति तथा कार्यक्रममा समावेश गरी अविलम्व मुस्ताङमा राजश्व कार्यालयको शाखा स्थापना गर्न सभामुख मार्फत सम्बन्धित निकायको ध्यान आकर्षण गर्न चाहन्छु ।सभामुख महोदय, मलाई यो नीति तथा कार्यक्रम सरसर्ती पढ्दाखेरी मैले १, २ वटा कुराहरु अझ पनि राख्न चाहेको छु। मलाई लाग्छ, यहाँ कृषि मन्त्रालय अन्तरगत आलुको पकेट क्षेत्र भनेर केही त्यस्ता जिल्लामा पकेट आलु क्षेत्र भनेर घोषणा गरिरहेको अवस्था छ । त्यस क्षेत्रलाई आलुमा अनुदान दिने भनेर यो नीति तथा कार्यक्रममा ल्याएको देखेको छु । मलाई लाग्छ, यहाँ सबै विद्वान माननीयज्यूहरु मुस्ताङको हरेक ठाउँमा पुगिसक्नु भएको पनि छ सायद यहाँहरुलाई लाग्छ, ताराखोला, ढोरपाटन, हेम्जा र धार्चेको आलु भन्दा सायद पक्कै पनि गुणस्तरीय रुपमा स्वादिलो त मुस्ताङकै छ । सायद धेरै प्रति जग्गाहरु प्रशस्तै छ, त्यो क्षेत्रमा यो सरकारले किन ध्यान पुर्याउन सकेन भन्ने मलाई मनमनै संकोच लागिरहेको छ, सायद कृषि मन्त्रीज्यू त्यस क्षेत्रमा सायद पोखराबाट म्याग्दी हुँदै मुस्ताङको नाका घासा हुँदै कोरलासम्म पुगेर पनि फर्किनुभएको छ । सायद त्यो मुस्ताङ जिल्लामा यहाँहरुको आफ्नो जनप्रतिनिधि नभएर बिभेद पो गर्नु भएको हो कि? यसमा मलाई चिन्ता लागिरहेको छ । सायद मुख्यमन्त्रीज्यू यहीँ हुनुहुन्छ, सभामुख मार्फत म उहाँलाई यो आग्रह गर्न चाहन्छु । सायद मुस्ताङ जिल्ला यो गण्डकी प्रदेशको आर्थिक टेवा पुर्याउने जिल्ला मुस्ताङ हो । मलाई लाग्छ यहाँ यो नीति तथा कार्यक्रममा शब्दजालमा मात्रै कोरोला नाकाको नाम उच्चारण भएको छ, त्यहाँ मुक्तिनाथ धामको उच्चारण भएको छैन, दामोदर कुण्डको यहाँ कुरा आएको छैन, किन यसरी विभेद गरिन्छ। सायद हिजो ०७८/७९ मा पनि यो गठवन्धन सरकारले यो परमादेशबाट आएको गठबन्दन सरकारले मुस्ताङ जिल्लालाई विभेद गरेको छ, यहाँहरुलाई सायद शरम लाग्नु पर्ने हो

। सभामुख मार्फत यो गण्डकी प्रदेशको यो सरकारलाई ध्यान आकर्षण गर्न चाहन्छु । हस् त धन्यवाद ।

माननीय सभामुख

माननीय सदस्य श्री लक्ष्मी सुनारलाई छलफलमा भाग लिन समय दिन्छु ।यसपछी माननीय सदस्य श्री मिन प्रसाद गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु। **माननीय लक्ष्मी सुनार :-**

माननीय सभामुख ज्यू, माननीय प्रदेश प्रमुखज्यूले आ.व. २०७९/८० को नीति कार्यक्रम यस सम्मानित सभामा आफ्नो धारणा र विचारसहित प्रस्तुत गर्नु भएको थियो।२८७ बुदामा लेखिएको यो नीति कार्यक्रमले विषयवस्तुहरु धेरै समेटिएता पनि सबै ०७६/७७, ०७७/७८ सालमा आएका नीति कार्यक्रम समावेश भएका विषयवस्तुहरु आएका छन् । यसमा काम गरिनेछ, ल्याइनेछ हुनेछ मात्रै भनिएको छ, तर कुन कामलाई आवश्यकता अनुसारको पहिलो प्राथमिकता दिने भनेर खोलिएको छैन ।स्वास्थ्य सम्बन्धी धेरै लेखिएको छ, जस्तै किशोरीहरुको स्वास्थ्यको लागि स्यानिटरी प्याड निःशुल्क वितरण, दीर्घ रोगीका लागि विरामीहरुलाई नियमित सेवा गर्नु पर्ने, औषधि निःशुल्क उपलव्ध गराउने, वौद्धिक आपंगता भएका व्यक्तिहरुको लागी ह्वीलचियर, कृत्रिम हातखुट्टा लगायतका सामग्री निःशुल्क उपलव्ध गराउने, मृगौला पीडित विरामीलाई निःशुल्क डायलोसिस गराउने, अति दुर्गम क्षेत्रमा गर्भवति सुत्केरी र नवजात शिशुका लागि जीवनरक्षाका लागि एयरलिफ्टिङ सेवा, स्तन क्यान्सर, पाठेघरको मुखको क्यान्सरको निःशुल्क उपचार भनिएको छ । यी सबै पुरानै विषय हुन् र यिनैलाई पनि निरन्तरता दिन सकेको छैन । सुत्केरी आमा पोषिलो खाना कार्यक्रम छ, तर कत्तिको कार्यान्वयनमा लान सकिन्छ भन्नेमा भर पर्दछ । स्वास्थ्य सम्बन्धी धेरै लेखिएका छन् तर स्वास्थ्य स्वयंसेविकाको बारेमा आएको छैन । यसमा स्वास्थ्य स्वयंसेविकाले निःशुल्क रुपमा रातदिन नभनि गर्भवति महिला, सुत्केरी महिला र घरमा गई कतिजना छन् रिपोर्ट उतार्ने, पोलियो थोपो, भिटामिन, जूकाको औषधी बालबालिकालाई खुवाउने गर्दछन् तर सेवासुविधा लिने छैन, काम गर्न नसकेर निस्कदा केही रकम उपलव्ध गराउन अति आवश्यक छ र यो पनि नीति कार्यक्रममा लेखिनु पर्ने थियो । माननीय सभामुखज्यू, नीति कार्यक्रममा शिक्षा सम्बन्धी सरसर्ती हेर्दा यसमा पनि सबै गरिने छ, ल्याइनेछ, हुनेछ, दिइनेछ, भनिएका धेरै शब्दहरु छन् । शिक्षामा

बालबालिकाले धेरै लगानी लगाएर पढेका छन्, धेरै विषयका पढाईहरु हुन्छन् तर देशमै रोजगारी दिन सकेका छैनौं र रोजगारीका लागि विदेश जान वाध्य रहेका छन् । मलाई लाग्छ, कि ति युवाहरुलाई देशमै रोजगारी दिलाउन सकिए उनीहरुलाई पनि सहज हुने र आम्दानी पनि देशमै हुने थियो, यो प्रति सरकारको ध्यान कहिले जाने, हाम्रो देश कृषि प्रधान देश भनेका छौं र ती नीति कार्यक्रम कृषि पशुपालन सम्बन्धी २३ वटा बुंदामा धेरै कुरा लेखिएका छन्, खेतीयोग्य जमिनमा तरकारी, फलफूल, अन्नवाली, घाँसे मैदान विभिन्न जातका पशुपालन गर्ने भनिएको छ तर समयमा बीउ विजन मल औषधी उपलव्ध गर्न सकेका छैनन् । सिँचाई पनि पर्याप्त मात्रामा उपलव्ध गराउन सकिएको छैन, तर अन्नबाली आदि तयार गराए तापनि बजार मूल्य बजार व्यवस्थापन छैन । किसानलाई कसरी आत्मनिर्भर गराउन सकिन्छ ।माननीय सभामुखज्यू, गण्डकी प्रदेशलाई नेपालको प्रमुख पर्यटकीय गन्तव्य बनाउने भनेर नीति कार्यक्रममा लेखिएको छ तर विभिन्न पर्यटकीय स्थलसम्म पुग्ने सडक छैन, पुलहरु छैनन र त्यसलाई व्यवस्थित गर्न सकिएका छैनन् र कतिपय ठाउँमा होमस्टेहरु व्यवस्थित रुपमा संचालन गर्न रकमको अभावले अधुरै रहेका छन् र व्यवस्थित ठाउँमा पर्यटक नै कम जाने कारणले चलाउन सम्भव नरहेको छ । १ स्थानीय तह १ उद्योगग्राम स्थापना भनिरहँदा पहिलो सरकारले सुरुवात गरेको नवलपुरको लोकाहामा हुन थालेको औद्योगिक क्षेत्र पनि अहिलेको सरकारले नीति कार्यक्रममा ल्याएको मात्रै छ तर कार्यान्वयनमा ल्याउन सकेको छैन । औद्योगिक वस्तुमा उत्पादनमा आत्म निर्भर हुने भनिएको छ तर चलिआएको उद्योगहरु पनि बन्द अवस्थामा रहेका छन् यसलाई कसरी संचालन गर्ने भन्ने विषयमा सरकार मौन छ । माननीय सभामुखज्यू, वन वातावरण संरक्षण सम्बन्धमा नीति कार्यक्रममा १७ वटा बुंदामा धेरै कुरा लेखिएका छन् तर वनक्षेत्रको उत्पादकत्व उत्पादन वृद्धिको लागि वन दीगो व्यवस्थापन गरी काठ लगायतका वन पैदावारको आयात प्रतिस्थापनामा जोड दिइने छ भन्दा सामुदायिक वनहरुमा रुखहरु ढलेर त्यो काठमा परिणत नगरी त्यसै खेर गएको छ। विना आदेश अनुसार उठाउन समितिले पाउँदैन । सामुदायिक वनमा धेरै जडिबुटीहरु छन् त्यसलाई उचित व्यवस्थापन गर्न सकिएको छैन । प्राकृतिक स्रोतहरु धेरै छन् तर यसलाई कार्यान्वयनमा ल्याउन सकिरहेको छैन । ढुंगा गिटी बालुवा लगायत नदीजन्य पदार्थलाई व्यवस्थापन गर्न सकिएको छैन । माननीय सभामुखज्यू, पूर्वाधार सम्वन्धी नीति

कार्यक्रममा २६ बुँदामा पुल सडक लोकमार्ग करिडोरहरु निरन्तरता दिइएको छ भनिएको छ तर योजनामा परेको सडक, पुल, १ निर्वाचन क्षेत्र १ सडक पनि पहिलो सरकारले ल्याएको योजनालाई अहिले कटौति गरेको छ र जनता आवास कार्यक्रम कोरोला त्रिवेणी सडक अन्तरगत दुम्कीवास, त्रिवेणी सडकखण्ड कालीगण्डकी करीडोर यी धेरै योजनाहरु पहिलो सरकारको पालामा संचालनमा ल्याएको छ, अझै पनि निरन्तरता ल्याउन यो सरकारले सकेको छैन । सिँचाई, खानेपानी, तटवन्दन तथा योजनाहरु हेर्ने हो भने पनि अलपत्र अवस्थामा रहेको छ । यसलाई १ घर १ धारा कार्यक्रम, विभिन्न वाँझो जमिनलाई सिँचाईको व्यवस्था गरी खेतीयोग्य जमिनमा प्रमाणित गर्न सरकार परिवर्तन भएपछि अलपत्र अवस्थामा रहेको छ । जनताले शुद्ध खानेपानीको सुविधा कहिलेसम्म पाउने हो यसमा छिटो भन्दा छिटो सरकारको ध्यान जान आवश्यक देखिएको छ । अन्तमा, सुकुम्वासी जग्गामा पुर्जा प्राप्त गराउन सम्बन्धित यो नीति कार्यक्रममा आएको छैन, यसलाई पनि समावेश गर्नुपर्छ भन्दै मेरो भनाई **अन्त्य** गर्छु । हस् त धन्यवाद । नमस्कार ।

माननीय सभामुखः-

अब म माननीय सदस्य श्री मिनप्रसाद गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु। यस पछि माननीय सदस्य श्री मित्र कुमारी गुरुङ सुवेदीलाई छलफलमा भाग लिन दिन्छु।

माननीय मिनप्रसाद गुरुङ

माननीय सभामुखज्यू, गण्डकी प्रदेश सरकारले गत जेष्ठ २४ गते यस गरिमामय सभामा प्रस्तुत सरकारको नीति तथा कार्यक्रमको छलफलमा सहभागी भइरहेका छौं । छलफलमा आफ्ना भनाईहरु राख्ने सभामुखज्यूमा म अनुमति माग्दछु ।सभामुख महोदय, प्रथम त म गण्डकी प्रदेश सरकारलाई म हार्दिक वधाई दिन चाहन्छु । नीति तथा कार्यक्रममा प्रदेश सरकारले अहिले यो हाम्रो गण्डकी प्रदेशको आर्थिक वृद्धिदर ६.१७ प्रतिशत जुन खालले आर्थिक वृद्धि मापन गरेर प्रस्तुत गरेको छ । यो अहिले संघीय सरकार या नेपालको आर्थिक सूचांकहरु सबै ऋणत्मक भइरहेको, त्यतिमात्र नभएर विप्रेषणको कुरा अनि वैदेशिक मुद्रा सञ्चितीको कुरा, व्यापार घाटाको कुरा, त्यति मात्र होइन मुद्रास्फितीको बढ्दो दर, अनि यस्तै गरेर विगत वर्षदेखि नै हाम्रा थुप्रै गण्डकी प्रदेशकै कुरा गरिरहने बेलामा पनि नयाँ उद्योगहरु संचालन भएका छैनन् र भइरहेका उद्योगहरु पनि पुर्णरुपमा संचालन नभइरहेको स्थितीले धेरै हजारौ व्यक्तिहरु रोजगार

विहीन रोजगारबाट बिमुख भइरहेको स्थितिमा, त्यति मात्र होइन भरपर्दो कृषि प्रणाली हामीहरु सिँचाई देखिन लिएर र अहिलेकै कुरा गरे पनि मल बीउको सुनिश्चितता नभएर यो अनिश्चित कृषि प्रणाली अनि पर्यटनको क्षेत्र त्यस्तै भयावह भएको स्थितिमा, मलाई लाग्छ। यो स्थितिमा स्वयं गण्डकी प्रदेशले कुन सुचांक, कुन तथ्याङ्क अनि त्यति मात्र होइन, अहिले भर्खरै यही महिनाको अघिल्तिर होला, लाग्दै गर्दा होला आयोगको एउटा प्रतिवेदनले नेपाल अहिले आर्थिक वृद्धि दरको मापन २०२२ मा ४.१ देखाइरहेको छ र नेपाल सरकार आफैले पनि त्यसको सूचांकको कुरा गरिरहने बेलामा ७८ को यो ०७९ को आ.व. को सूचांकलाई ५.४९ प्रतिशतले त्यसको लक्ष्य निर्धारण गरिरहेको बेलामा त्यो सूचांक कति भरपर्दो छ। मलाई लाग्छ, सभामुख मार्फत सरकारले यो गरीमामय सदनलाई यसको स्पष्ट र तथ्यगत जवाफ दिनु पर्छ किनभन्दा संसदलाई मलाई लाग्छ यो ढाँट्ने यो कतै नहोस् भनेर म हार्दिक अनुरोध गर्न चाहन्छु । यो विषम परिस्थितिबाट अगाडि गुज्रिरहेको स्थितिमा सभामुख महोदय, आज हामीहरु यो प्रदेश सभा गठन भइसकेपछि हामी यो अन्तिम नीति तथा कार्यक्रममा सहभागी भइरहेका छौँ । स्वभाविक रुपले यो ज्यादै महत्व पनि राख्छ । यसको यो ऐतिहासिक गरीमा पनि रहन्छ । त्यसो भएको हुनाले, हामी यो वार्षिक नीति कार्यक्रममा छलफल भइरहने बेलामा, यो गरिमामय सभाको गरिमालाई कायम राख्दै यो ऐतिहासिकतालाई भोलिका दिनहरुमा एउटा सन्देश प्रवाह गर्ने गरेर अगाडि बढ्नु पर्छ भन्ने मलाई लाग्छ । यो ५ वर्षमा भएका भोगाईहरु, सिकाइहरु, अनुभवहरुलाई भोलिका आउने दिनहरुमा एउटा परिपक्व किसिमबाट एउटा एक खालको असल अभ्यासहरुलाई हाम्रा सिकाइका असल अभ्यासहरुलाई पनि आउने सवालमा त्यो एउटा दिशानिर्देश नजिर कायम गर्ने गरेर यो हामी नीति कार्यक्रम या प्रदेशलाई संचालन या सरकार संचालनका अभ्यासहरुलाई लान सक्यौँ भने पक्कै पनि यो संघीयतालाई संस्थागन गर्ने, गणतान्त्रिक लोकतन्त्रलाई हामी स्थापित गर्ने कुरा र सँगसँगै अहिले जुन खालले प्रणाली विरुद्धमा विभिन्न स्वरहरु उठेका छन्, त्यसलाई सम्वोदन गर्ने कुरा, यो कुरा यो अहिलेका प्रदेश सरकारको नीति तथा कार्यक्रमबाट आउनुपर्थ्यो तर मलाई लाग्छ, सरकार यो मानेमा म आफूले आफ्नो बुझाइमा यो खालले गम्भिरतापूर्वक प्रस्तुत भइरहेको पाइरहेको छैन । नीति तथा कार्यक्रमकै कुरा गरिरहने बेलामा हामी अघिनै पनि पूर्व माननीय विद्धान माननीयज्यूहरुले भनिसक्नु भएको छ । सरकार एउटा अविछिन्न उत्तराधिकारीवाला

संस्था हो । लोकतन्त्रमा विधिको शासनमा संविधानवाद त्यो स्वभाविक छ, त्यसले एउटा अख्तियारी प्राप्त गर्छ र त्यो निरन्तरता हुन्छ व्यक्ति या कुनै दलको नेतृत्वको कुरा त्यो एउटा नियमीत प्रकृयाको कुरा होला तर संवृद्धिका कुरा, प्रदेश निर्माणको कुरा, प्रणालीलाई संस्थागत गर्ने कुरा, संघीयतालाई स्थापित गर्ने कुरा र सँगसँगै प्रदेशलाई सुखी बनाउने कुरा सायद यो कुनै दल वा कुनै एउटा सरकारको या कुनै एउटा प्रणालीको प्राथमिकताको कुरा होला तर त्यो भन्दा विमुख भएर जान नसक्ने कुरा सर्वविदितै छ । तसर्थ, यो अर्थमा पनि १५ औं योजना जुन हामी दीगो विकासको अवधारणाको कुरा, अनि सँगसँगै त्यसलाई आन्तरिककरण गर्ने भनेर सरकारले जुन खालले नीति कार्यक्रममा कागजी रुपमा व्यक्त गरेको छ तर त्यसको भरपर्दो तथ्यगत आधारहरु हामीले देखिरहेका वा पाइरहेका छैनौ । त्यसो भएको हुनाले त्यो १५ औं योजना अनि त्यसपछि दीगो विकासको अवधारणा अन्तरगत हामी पञ्चवर्षिय योजना सरकारले निर्माण गरेको छ, प्रदेश सरकार विगतको प्रदेश सरकारले र अहिले पनि त्यसैको आधारमा हामी हिँड्नु पर्छ कि पर्दैन अर्थात् हामी ०७६ देखिबाट २०८१ सम्म निश्चित धारणाहरु या निश्चित लक्ष्यहरु प्राप्ति गर्नको लागि सरकारले त्यसप्रति अगाडि त्यो अनुसारको कार्यक्रमहरु, त्यो अनुसारको बजेटिङ देखि लिएर त्यो अनुसारका नीतिगत कुराहरुलाई अगाडि बढाउनु पर्थ्यो कि पर्थेन अर्थात् त्यो पञ्चवर्षिय योजना खाली त्यो खर्च गरेर एउटा ठेली मात्र निर्माण हो कि या त्यसले प्रदेशलाई निर्देशीत गर्न बनेको हो र त्यसको अनुशरण गर्न यो प्रदेश सरकार आत्मसात गर्न तयार छ कि छैन। यो कुराले हामी के देखिराखेका छौ भन्दाखेरी प्रदेशको जस्तो हिजो सिद्धान्त र प्राथमिकताको कुरा हामी गरिरहने बेलामा पनि प्रदेशको आवश्यकताका कुराहरु थुप्रै हुनु स्वभाविक हो, महत्वका कुरा पनि रहला तर सबै आवश्यकताहरु मध्ये पनि हामी गोलमटोल किसीमबाट जानु भन्दा पनि प्राथमिकरण निश्चित रुपमा हुन्थ्यो । हिजो पनि हामी ७ वटा वुँदाहरुमा प्राथामिकतामा परेका हामी पर्यटन देखि लिएर उर्जा, कृषि गरेर सुशासनसम्म हामी प्राथामिकिकरण गथ्यौं अहिले त्यो खालको प्राथमिकरण हामी कसरी अगाडि बढदैछौं भन्ने नीतिगत कुरा नीति कार्यक्रम हिजो प्राथमिकता र सिद्धान्तको कुरादेखि लिएर अहिले स्वभाविक रुपले प्राथमिक र सिद्धान्त अनि त्यसपछि नीति कार्यक्रम दोहोर्याउने र भोलि बजेटमा पनि त्यही अनुसारको रिफ्लेक्ट हुने होला त्यो भएको हुनाले पनि त्यो खालको देखिदैन। मलाई के लाग्छ भने मेरो आफ्नो बुझाईमा

यो सबै किन भइरहेको छ भन्दाखेरी स्वभाविक रुपले यो एउटा गठवन्धन सरकारको वैचारिक र सैद्धान्तिक विचलनको एउटा विम्व, यो खालले अहिले हामीहरु यो नीति कार्यक्रममा प्रतिम्वित भइरहेको म ठान्दछु । सभामुख महोदय, त्यसो भएको हुनाले, यो नीति तथा कार्यक्रम सतही रुपमा आइरहेको आफूलाई महसुस भएको छ र भोलिको बजेटको केही आंकलनहरु पनि जसरी बजेट आउँछ भन्ने कुरा सन्देश प्रभाह पनि यो खालले २८६ वुंदामा जुन खालले आईरहेको छ त्यसले निर्देश गरेको मैले ठान्छु ।सभामुख महोदय, म एउटा निवेदन गर्न चाहन्छु, स्वभाविक रुपले हामी अर्थशास्त्रमा एउटा बजारमा लगानीको एउटा सिद्धान्तलाई हेर्ने बेलामा रिक्स मेनेजमेन्ट अर्थात जोखिम न्यूनीकरण गर्नको लागि बजेटहरुलाई छरेलीएर या सानो सानो टुक्रामा लगानी गर्ने गर्यो भने त्यो बजारमा लगानीको सुनिश्चितता हुन्छ भन्छन तर ठिक उल्टो विकासको सिद्धान्त अनुसार बजेटहरु छरियो भने त्यसको जोखिम बढ्छ, किनभने जोखिम बढ्ने मात्र होइन त्यसको लागत अनि त्यसको समय पनि बढी लिन्छ लागत र समय लिने मात्र होइन त्यसले कार्यान्वयनको कुरामा सुनिश्चितता प्रदान गर्दैन, अन्ततोगत्वा योजना नै हराउने,हाम्रो हिजोको त्यो खालको प्रवृत्ति देखिरहेको छ । त्यसो भएको हुनाले अहिले पनि मलाई लाग्छ, यो नीति कार्यक्रम यस्तै यो सन्देश भोलीका बजेटलाई त्यही दिईराखेको छ । लाखको कुरा गर्ने तर चखाउने भुजा भनेर एउटा अग्रजहरुले उखान भन्थे, यस्तै खालको त्यो देखिएको छ ।त्यो खालले किनभन्दा योजनाहरु हेर्ने बेलामा, लिफ्टिङ खानेपानीको कुरा यहाँ देखिएको छ । मलाई हाम्रो गाउँको कुरा म स्वयं पनि उपभोक्ता भएको हुनाले खानेपानीले त्यो लिफ्टिङ खानेपानी छ त्यहाँ शत प्रतिशत पुतलीबजार न.पा. ले गत वर्षले दिएको छ, यहाँ ७५ प्रतिशतले भन्यो त्यसो भएपछि के हुन्छ त्यसो भएपछि फेरी हामीले २५ प्रतिशत थप्ने हो भनेर सोध्नु भयो । यो खालले अलिकति गम्भिरता भएन कि यो खालको जस्तो बाँझो जग्गा नराखौं भनेको छ, वाँझो जग्गाको कुरा गर्ने बेलामा फेदीखोलाले २ वर्ष अगाडिबाट गाउँपालिकाले त्यो बाँझो जग्गा २ हजार रुपैयाँ र त्यसपछि अर्काको जग्गा खेती गर्छ भने २५ सय रुपैयाँ उसलाई रोपनीको हिसावले दिन्छ । त्यसो भएपछि उहाँहरुको अपेक्षा र संसय व्यग्यात्मक किसिमले मसँग सोधाई के थियो भने प्रदेश सरकारले भएपछि अब त ५ हजार पाउने होला पछि भनेका थिए । हो यसो भएको हुनाले यस्ता कार्यक्रमहरु म शुसासन, पारदर्शिता र नैतिकताका कुरा पनि मितव्ययिताको कुरा पनि हामी जुन

जिम्मेवार सरकारले प्रस्तुत गरिरहने बेलामा नीति कार्यक्रममा त्यो बेला पनि अलि अस्पष्ट भएको या मलाई अप्ठ्यारो महसुस भइरहेको छ। अहिले सुनिन्छ, सिंहदरवारकै कुरा गर्दा पनि द्रव्यको बुष्टर डोजले योजनालाई पुसअप गर्ने कुरा हो। प्रदेश सरकारको यता घरवारतिर यस्तो कहीँ कतै द्रव्यको बुष्टर डोज लगाएर योजना अपडेट ग्रेड हुने, त्यस्तो खालको कहीँ कतै मेरो शंका असत्य होस् भन्ने कुरा म चाहन्छु । त्यति मात्रै होइन हामी मितव्यीताको कुरा गरिहरने बेलामा म एउटा कार्यक्रममा भनेको थिएँ, म गाउँतिर जाने बाटो एउटा छ, त्यो बाटो आ.व. २ वटा हो तर वर्ष एउटै हो । एउटा चाहिँ के हो त भन्दा प्रदेश सरकारको एउटा पूर्वाधार कार्यालयले लगभग १२-१३ कि.मि. छ त्यसको डिपीआर गर्यो,अनि त्यो आ.व. सिद्धियो तर त्यही बर्षमा अहिल गत वर्ष यो फागुन चैततिर केरे माघ फागुन तिर त्यसको फेरी अर्को डिपीआर उता साँखे हुदै यता काउलेसम्म भनेर गर्यो । एउटा प्रदेश सरकार भित्रै अनि २-२ चोटी एक वर्षमा तर २ वटा कार्य भयो, यस्तो खालले त्यो मितव्ययीता केहो त्यसको सुशासन के हो पारदर्शीता के हो अनि त्यपछी संयोजन के हो अनि हामी कहाँ दौडिरहेका छौँ एउटै कार्यालय कार्यालय बिचको त हामीले हिजो हामीले देखेकै थियौँ तर एउटै कार्यालयको के त भन्दा सरकार बिचमा पनि त्यो खालको को-अर्डिनेसन नभएर प्राथमिकता नहुने कुरा, शिक्षा स्वास्थ्यको थुप्रै कुरा उठेको छ तर के त भन्दा स्याङजा जिल्लाको अस्पतालमा त्यहीँनिर धेरै मन्त्रीहरु जानुभयो, स्वास्थ्य मन्त्रीहरु पनि जानुभएको छ, मुख्यमन्त्री पनि यसो देखिनुभएको छ, अब हाम्रो २ जना स्यांङ्गजामा मन्त्री हुनु हुन्छ त्यो सयलेबाट जनु हस्पिटलत जाने चोक छ त्यहाँको बाटेको डिपीआर भएको धेरै भयो अनि त्यसपछि अहिले प्रदेशले पनि फेरी गरेको छ । तर त्यहाँनिर मान्छेलाई १५ मिनेटका त्यहाँबाट जाँदा धेरै सरल हुन्छ तर मान्छेका जीवन रक्षाको लागि सेकेण्ड सेकेण्डको महत्व हुने रहेछ । त्यसो भएको हुनाले यस्ता खालका कार्यक्रम हरुतिर पनि ध्यान दिनु पर्छ कि । अघिनै पूर्व माननीयहरुले भन्नु भए जस्तै या नियत भन्ने कुरामा पनि यो नीति कार्यक्रममा धेरै पपुलर हुँदो रहेछ ।सबै बनाईनेछ, गरिनेछ, हुनेछ, हुँदैछ यो नेपाली व्याकरणको परषर्ग वहुत काम लाग्ने रहेछ त्यो नहुने भए त्यो सायद नीति कार्यक्रमको के अर्थ हुन्थ्यो भन्ने मलाई लागिरहेको छ। अन्तमा जे होस यो नीति कार्यक्रम आइरहने बेलामा हामी थुप्रै हिजो राजनीतिक रुपले, सामाजिक रुपले धेरै कुराहरुको अनुभवहरु भोगेर आएका छौँ र यो मलाई एउटै मात्रै वाक्यमा यो

रेडिकल चेन्ज हो कि यो रेगुलर चेन्ज गर्न खोजेको यो नीति तथा कार्यक्रममा त्यो खालले आएको देखिन्छ । अनि विगतको वर्षमा मैले एउटा कार्यक्रम देखेको थिए अहिले पनि यो नीति कार्यक्रमले भोलिको बजेटको शुभ संकेत के गर्छ भन्दाखेरी साइकल लाहुरेको घरमाथिको मोटरबाटोलाई ७ लाख भनेको थियो यो पोखरा महानगरपालिका वरिपरि जस्तै यस्तै खालको बजेटलाई विम्वित गर्छ । धन्यवाद

माननीय सभामुख :-

माननीय सदस्य श्री मित्रकुमारी गुरुङ सुवेदीलाई छलफलमा भाग लिन समय दिन्छु।यसपछी माननीय सदस्य श्री महेन्द्र बहादुर थकालीलाई छलफलमा भाग लिन समय दिन्छु ।

माननीय मित्रकुमारी गुरुङ सुवेदी :-

माननीय सभामुख ज्यू, माननीय प्रदेश प्रमुखज्यूबाट प्रस्तुत नीति तथा कार्यक्रम उपर छलफल गर्दै आएका छौं । संघीय लोकतन्त्र गणतन्त्र स्थापनाको लागि नेपाली जनताले लामो संघर्ष गरे । आफ्नो जीवन आहुति दिए कति वेपत्ता भए, कति घाइते भए ,कति आफ्नो शरीरमा गोली लिएर हिँडिरहेका छन् घरवार विहीन भए, आमाबा विहीन भए, छोराछोरी विहीन भए, भएका छन, आफ्न्तहरु विहीन भएका छन्, त्यस्तो अवस्थाबाट हामीले यो व्यवस्था ल्याएका हौं । हामी यो व्यवस्था ल्याउनका निम्ति हामी पनि सहभागी भएका थियौं । सभामुख महोदय, म आज यहाँ उभिरहँदा एउटा घटनाको याद आयो, ०६२/०६३ को जनआन्दोलनमा हामी केही साथीहरु, उपसभामुख सहित यही ठाउँमा हामी थुनिएका थियौं तर आज यही ठाउँमा प्रदेश सभाको नीति तथा कार्यक्रम उपर छलफल गर्न पाउँदा मलाई खुशी पनि लागेको छ माननीयज्यू सभामुख ज्यू मैले के भन्न खोजेको हो भने, आज ति सहिदका सपना कति साकार भए । हाज हामीले तिनै सहिदका वलिदान भावनामा टेकेर लाख लाखका गाडी चढेर हिँडिरहेका छौं, गाडी चढिरहँदा खाली खुट्टा सडकमा हिँडेका ति सहिदका पत्नी, छोराछोरीले नमस्कार भन्दा हामीले त्यही लाख लाखको गाडीको झ्यालबाट हात हल्लाउँदै हामी जान्छौं । के त्यही हो सहिदको सपना साकार भएको सर्वहाराका नेता पनि भइयो, के सहिदका सपना पूरा भए त हामी यसलाई गम्भिर मनन गरौं ।माननीय सभामुखज्यू, धेरै मेहेनतका साथ यो नीति तथा कार्यक्रममा आएको छ, लेखिएको छ, महिलालाई रोजगारी कृषिको जिम्मेवारी । के महिलाले कृषि मात्रै गर्ने हो अरु महिलाले गर्न सक्दैनन् अरु महिला डाक्टर,

पाइलट, राजनीतिज्ञ केही हुन सक्तैनन । हिजोकै कुटो कोदाला महिलालाई जिम्मा दिने हो भने महिलाको अरु केही हैसियत छैन त्यसैले यो सोचबाट पनि सरकारले केही गम्भिर ध्यान दियोस् । महिला हिजोका महिला होइनन् २१ औं शताब्दिका महिला हुन् त्यसैले महिलाले कृषिमा मात्रै सिमित रहेर अब बस्ने पक्षमा पनि छैनन् । अहिलेको चुनावमा हेरौं, अहिलेको चुनावको परिणाममा, स्थानीय चुनावको परिणाममा महिला कति सहभागी भए र कतिले उपलब्धि हासिल गरे त्यहाँबाट पनि महिला एउटा कुटो र कोदाली, हँसिया, हथौडा, लिएर मात्रै हिँड्ने अबका महिला छैनन् । जनआन्दोलन, जनयुद्धमा घाइते भएका बालबालिकालाई प्रदेश स्तरका अस्पतालमा निःशुल्क उपचार हुने भयो तर कुनै बालबालिका यस्ता हुन्छन्, आमाकै गर्भबाट अपांङ्ग भएर जन्मेका हुन्छन्, अनि तिनलाई कहाँ हो तिनको उपचार गर्ने ठाउँ, मैले यहाँ देखिन । ती बालबालिकाहरुले पनि उपचार गर्न पाउने उनको अधिकारको कुरा हो। असमानविहीन बालबालिकालाई व्यवस्था छ भनिएको छ। मेरो सम्पर्कमा यस्ता बालबालिका धेरै नै छन्, मैले सम्पर्क गर्ने कहाँ हो त्यसैले मैले सम्पर्क गर्ने कहाँ हो। माननीय सभामुखज्यू, हाम्रो देशमा व्यवस्था परिवर्तन भयो तर सोच र व्यवहारमा परिवर्तन भएन । यो नीति तथा कार्यक्रम अति नै राम्रो आयो, तर मेरो आफ्नो विचारमा के लागेको छ भने बाटोमा बेच्ने एउटा चटपटेले चटपट बेच्छ र त्यो चटपट यति राम्रो र यति मिठो हुन्छ सबैकुरा मिलाएको पनि हुन्छ त्यहाँ। अमिलो, पिरो, ट्वाक्क आएको पनि हुन्छ, त्यसैले यो नीत तथा कार्यक्रम त्यही चटपट हो कि जस्तो पनि मलाई लाग्छ । मेरो आफ्नो सोचाई यो नीति र कार्यक्रमको पुस्तक छ, त्यो पुस्तक भित्र जति पनि कार्यक्रमहरु, योजनाहरु बनेको छ, त्यो चटपट पनि त्यतिकै बनाएर बेचेको हुन्छ तर त्यो चटपट खाइसकेपछि एकछिन पछि हामीले १ गिलास पानी पिऊँ त्यो स्वाद केही पनि रहँदैन । त्यसैले यो नीति र कार्यक्रम मेरो आफ्नो विचारमा त्यही चटपटे हो जस्तो लागेको छ । धन्यवाद ।

माननीय सभामुख :-

माननीय सदस्य श्री महेन्द्र बहादुर थकालीलाई छलफलमा भाग लिन समय दिन्छु।

माननीय महेन्द्र बहादुर थकाली :-

माननीय सभामुखज्यू, सर्वप्रथम म यही गएको २०७९ साल जेठ १५ गते पोखराबाट जोमसोमको लागि उडेको तारा एयरको विमान मुस्ताङ जिल्लाको मानापाथी हिमालको

तल सनसरे डाँडामा दुर्घटना भई त्यसमा यात्रा गरेका ३ जना चालक दलसहित २२ जनाको मृत्यु भएकोले मृत आत्माको चिर शान्तिको लागि हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु साथै शोक सन्तप्त परिवार प्रति पनि समवेदना व्यक्त गर्न चाहन्छु ।सभामुख महोदय, म अब विषयमाथि प्रवेश गर्छु । यही २०७९ साल जेठ २४ गते माननीय प्रदेश प्रमुख श्री पृथ्वीमान गुरुङद्वारा प्रस्तुत आ.व. ०७९/८० को नीति तथा कार्यक्रममाथि आज हामी छलफलमा सहभागी भएका छौं । साथै यो सहभागी भई केही कुरा राख्ने अनुमति दिनुभएकोमा म सभामुखलाई आभार तथा धन्यवाद व्यक्त गर्न चाहन्छु । नेपालको संविधान नेपाल सरकार र गण्डकी प्रदेश सरकारका कानुन पञ्चवर्षिय योजना, दीगो विकासका लक्ष्य, मध्यकालिन खर्च संरचना, विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकता माथिको जगमा टेकेर यो नीति तथा कार्यक्रम आउने हो कि होइन अथवा तर यसमाथि टेकेर आएको छ कि छैन त्यो मैले यकिन गर्न सकिन। कार्यक्रम यसमा छ भने सबै कुरा छ, छैन भने के छ के छैन जस्तो लागिरहेको छ। यो एउटा अपर्याप्त अपूरो दिशा निर्देश दिन नसकेर गन्तव्यमा रुमलिरहेको एउटा नसकिने जसले एउटा दीगो विकासको लक्ष्यलाई पूरा गर्न नसकिने हो कि समृद्ध प्रदेश सुखी नेपालीको जुन उद्देश्य छ, त्यो हासिल गर्न नसकिने हो कि र हाम्रा समाजवाद उन्मुख अर्थ व्यवस्थाको एउटा निर्माण गर्न नसकिने हो कि भन्नेमा पनि एउटा शंका लाग्ने कुरा देखिएको छ ।सभामुख महोदय, फेरी मैले आफ्नो राम्रो समयलाई अध्ययन गरें, प्रदेश सरकारको प्रतिवद्धता, मर्यादित महिनावारी र स्वच्छता, सुत्केरी आमा पोषिलो खाना, सीपयुक्त शिक्षा प्रदेशवासीको इच्छा, गण्डकी प्रदेश जाउँ गुणस्तरी शिक्षा पाउँ जस्ता अति राम्रा र एकदम छन्दवद्ध सुन्दर नारामा उल्लेख गरेको मैले पाएँ तर यसको खास उद्देश्य र मकष्द भनेको यसले आफ्नो एउटा जुन गन्तव्य छ, जुन आफूले एउटा जनतालाई सुखी दिने समृद्ध नेपाल सुखी नेपाली बनाउने जुन उद्देश्य छ त्यसलाई एउटा टुक्रे एउटा विकासका कुराहरुलाई लिएर टुक्रे अथवा एउटा आफ्नो निर्वाचनको एउटा दस्तावेज, निर्वाचनको लागि आफ्नो घोषणापत्रलाई यसलाई प्राथमिकता दिएर अगाडि बढाएको यो एउटा नीति तथा कार्यक्रम हो कि जस्तो मलाई महसुस भएको छ साथै, मैले के भन्न चाहन्छु भने, यसलाई अब तपाईंहरुको एउटा सत्तापक्षको माननीयज्यूहरुको एउटा प्रेसर हो कि अथवा यसमा तपाईंहरुको पार्टीको एउटा घोषणापत्र जस्तोलाई निरन्तरता दिनु पर्ने हो कि, के हो यस्ले टुक्रे, टुक्रे विकासका कुराहरुलाई लिएर एउटा नीति तथा कार्यक्रममा राखेर यो छरपस्ट. रुपमा एउटा कनिकाको रुपमा छराएर यसरी विकासको लक्ष्य पूरा हासिल गर्न सक्ने

लाग्दैन।त्यसकारण म धेरै कुराहरु राख्न चाहन्न । हाम्रा पूर्ववक्ता विद्वान माननीयज्यूहरुले धेरै कुरा राखिसक्नु भएको छ, मैले यसमा फेरी पुनः यसलाई दोहोर्याउनु पर्छ जस्तो लाग्दैन, धेरै चर्चा गर्नु पर्छ जस्तो लाग्दैन, म २, ४ वटा कुराहरु मात्र म राख्न चाहान्छु। सभामुख महोदय, बुदा नं. १३ मा स्वास्थ्य स्तनको क्यान्सर, पाठेघरको मुखको क्यान्सर लगायत प्रजनन अङ्गहरुको क्यान्सरको निशुल्क उपचारको लागी निरन्तरता दिइनेछ भन्ने ठाउँमा अर्को एउटा क्यान्सर जुन अहिले भर्खरै एउटा समाचारहरुमा, मिडियाहरुमा, सामाजिक सञ्जालमा आएको छ कि व्लड क्यान्सर अब हाम्रो देशमा पनि सञ्चालन हुन आएको छ भन्ने कुरा पनि जुन चर्चामा मात्र आएको छ, यो कुरा मलाई अब समाचारहरुमा, मिडियाहरुमा मैले सुनेको, तर मलाई एकिन भएको छैन । यदि हो भने यो व्लड क्यान्सरलाई पनि यसमा समावेश गर्नु हुनेछ कि भन्ने म सभामुख मार्फत प्रदेश सरकारलाई आग्रह गर्न चाहन्छु । नागरिकको आधारभूत आवश्यकता भनेको शिक्षा पनि हो । हाम्रो देश गाउँ गाउँले भरिएको देश हो त्यसको साथसाथै हाम्रो प्रदेश प्रदेश पनि गाउँ गाउँले भरिएको प्रदेश हो यो हिमाल, पहाड, तराइ पनि छ । विद्यमान ट्रेनले भन्यो भने, विद्यमान ट्रेन के छ भने,हाम्रा हुनेखानेका छोराछोरीहरु जो एसइइ पास गरेर त्यसपछि प्लस टु गरेर व्याचलर गर्न विदेश जान्छन तर अब गरीव जुन अति पिछडिएका जो अलि अगाडि बढाउन नसकिने त्यस्ताहरु अब नेपालको लागि रोजगारी पाउँदैनन्, त्यसैले उहाँहरु लम्पसार भएपनि त्यस्तो ४०-५० डिग्रीमा पनि काम गर्न खाडी क्षेत्रतिर लाग्छन त्यसकारण यो विडम्वना छ, त्यसैले सामुदायिक विद्यालयहरुलाई विद्या प्राविधिक धारमा शिक्षण शुरु भइसकेका छन तर त्यसमा पनि अझै कसरी त्यसलाई प्रभावकारी बनाउन सकिन्छ राज्यले गम्भिरतापूर्वक सोचोस् मैले चाहेको छु । मलाई लाग्छ राज्यको प्राविधिक शिक्षालयहरु प्राय सबै जिल्लामा छ होला तर नभए तापनि हाम्रो मुस्ताङ जिल्लामा प्राविधिक शिक्षालयहरु छन्, जसलाई अहिले प्लस टुको मात्र बनाउन यस्तो शिक्षा उपलव्धि भएको छ त्यसलाई अपग्रेड गराएर त्यसलाई अझ सुधार गरेर त्यसलाई डिप्लोमा स्तरको शिक्षा प्रदान गरियो भने अझै हाम्रो भएका हाम्रो प्राविधिक धार हामीले खोजेर अगाडि बढाउने जुन व्यवसायिक विद्यालयको लागि जुन हामीले अगाडि बढाइराखेका छौं हाम्रो उद्देश्य छन् त्यो उद्देश्यलाई पूरा गर्न सकिन्छ कि जस्तो मलाई लागेको छ। सभामुख महोदय, यसको साथसाथै बुदानं. १११ मा उच्च उचाई हिल खेल तालिम केन्द्र स्थापनामा जोड दिइनेछ भन्ने उल्लेख भएको छ, यो ठिक छ आवश्यक पनि हो तर यो भन्दा अगाडि सरकारले जब तत्कालीन मुख्यमन्त्रीज्यूको सहयोगमा त्यहाँका विशेषज्ञ खेलकुद

मन्त्रालयका कर्मचारी साथीहरु, हामी आफैले उचाई खेल तालिम इनिस्टीच्युट बनाउने भनेर नीति तथा कार्यक्रममा समावेश भएको थियो । गएको वर्ष नीति तथा कार्यक्रममा पनि आएन । यो वर्षमा पनि यसले कुनै पनि यसको नीति तथा कार्यक्रममा समावेश भएको पाइएन । म के भन्न चाहन्छु भने यो २ वर्ष अगाडि मुस्ताङमा स्थापना गर्ने भनेर ठाउँ हेर्ने काम भयो, जग्गा पुग नपुग सबै मोटामाटी हेरियो, हेरिसके पछि ओके ल हुन्छ भनेर हाम्रा तत्कालिन मुख्यमन्त्री सबै गएर यसमा ओके गरेर भएको जग्गालाई नेपाल सरकारले अहिले सम्बन्धित निकायलाई प्राप्त गर्नको लागि प्रारम्भिक चरणका काम सम्पन्न गरी केन्द्रमा जायर भैसकेको छ भनी नापी कार्यालयबाट जानकारी हुन आएको छ । त्यसैले म के भन्न चाहान्छु भने यो अगाडि बढिसकेको मुस्ताङ्ग जिल्लाका सबै जग्गालाई सर्वे गराएर, त्यसको वाउण्डरिङ गराएर वाल लगाउनेतिर अगाडि बढोस् भन्ने म सभामुख मार्फत प्रदेश सरकारलाई म अग्रह गर्न चाहन्छु। सभामुख महोदय, उत्पादन र उत्पादकत्व वृद्धिको लागि कृषिलाई यान्त्रीकीकरण, आधुनिकीकरण, व्यवसायीकरण कार्यक्रम प्रवर्धन गर्न र पशुपंशिजन्य उत्पादन र उत्पादकत्व वृद्धि गरी मुख्य मुख्य उत्पादन आत्म निर्भर हुन उन्नत प्रविधिको१ पालिका १ उत्थान कार्यलाई प्रभावकारी बनाउन पकेट क्षेत्र स्थापना र विस्तार गर्न आवश्यक छ, त्यही अनुरुप बुदा नं. १४४ मा आलु उत्पादन वृद्धि गर्न तारा खोला र ढोरपाटन, हेम्जा, धार्चे लगायतका स्थानमा आलु पकेटको पनि विकास गर्ने भन्ने कार्यक्रम रहेको छ । म के भन्न चाहन्छु भने, मुस्ताङको आलु भन्नेवित्तिकै प्रदेश मात्र होइन नेपाल अधिराज्यमा पनि त्यतिकै प्रख्यात छ । घर घरमा तरकारीमा त भन्नै परेन तर विभिन्न रेष्टुरेन्ट र होटलहरुमा पनि मुस्ताङको आलुले विभिन्न परिकार स्पेशल भनेर मेनुहरुमा पनि राखिएको हामी सबैले देखेको पनि छौं र यसको अनुभव पनि लिइसकेका छौं त्यसैले मुस्ताङलाई पनि माथि उल्लेखित कार्यक्रममा समावेश गर्न म हार्दिक अनुरोध गर्दछु साथै बुदा नं. १३२ मा समशितोष्ण फलफूलको उत्पादन वृद्धि गर्न उच्च पहाडी क्षेत्रमा स्याउ, ओखर र खुर्पानीको बगैंचा स्थापना तथा विशेष कार्यक्रम संचालन गरिनेछ भनिएको छ मैले बुझ्न नसकेको के हो भन्दाखेरी पहिलेको सरकारले उच्च घनत्वको स्याउ मनाङ, मुस्ताङ, चुनउभ्रि भनेर कार्यक्रम आउँथ्यो अहिले बुँदा नं. १३२ मा उल्लेख भएको पाइयो । यो के हो यो कुरा मैले बुझ्न सकिन । यदि उच्च घनत्वको स्याउले अब त्यसलाई निरन्तरता दिएको हो भने यो प्रदेश सरकारले अब यो उच्च घनत्वको स्याउ लगाउने सिजन भनेको फागुन महिना भरिमा हो, यदि तलमाथि भयो भने चैतको दोस्रो हप्तासम्मा यो लगाउन सकिन्छ, त्यति भयो भने यो १०० प्रतिशत सफल हुन्छ नत्र भने यसको

अहिले देखिन्छ, खाली जेठको अन्तिममा आउने, असारमा आउने त्यो गरेको हुनाले अलिकति यसलाई प्रदेश सरकारले सोचेर समयमै यसलाई गर्न सकियो भने,अझै यसमा जनताले पनि दुःख नपाउने, यो मरेर पनि नजाने यो विरुवाहरु मरेर पनि नजाने र जनताहरुले बढी लाभ लिन सक्ने भएको हुनाले यसलाई विशेष यसलाई अब गर्नुपर्ने कार्यहरु, कार्यविधिबाट गर्नु पर्ने र यसलाई अब गरेर ढुवानी गर्नु पर्ने, अब सम्बन्धित निकायमा गएर यसलाई अर्डर गर्नुपर्ने यी सबै कुराहरु चाँडो भन्दा चाँडो समयमा नै गर्नु पर्छ भन्ने कुरा म यहाँ राख्न चाहन्छु । बुदा नं. १९३ मा ऐतिहासिक प्रविधिहरुमा पर्यटन गन्तव पदमार्ग निर्माण गरिनेछ भन्ने जुन राम्रो तरिकाबाट कहाँ कहाँबाट गरिराखेको छ फूलको माला जेलेको जस्तो भएर जेलिएको छ गन्तव्यहरु, यो नयाँ नयाँ गन्तव्यहरु किन राख्नुपर्याछ। यो पछि फेरी कुनै बेलमा राखे हुन्छ तर हामीले पुरानो गन्तब्य हामीले निरन्तरता दिनसकेको छैन। एउटा भनौं संसारको सबैभन्दा १० औं स्थानमा परेको अन्नपूर्ण ट्रेक जुन विश्वमा १० औं गन्तव्यमा पर्छ, त्यसको अलिकति व्यवस्थित गर्नको लागि त्यसलाई ठाउँ ठाउँमा एउटा वाइफाईको व्यवस्था, त्यहाँ एउटा मौषमको जानकारी गराउने, विभिन्न सेटहरु तयार गर्ने, यी आदि इत्यादिहरु राख्न सकियो भने जसले गर्दा हिमपात भएको ठाउँमा यसले अलिकति राम्रो हुने छ भन्ने कुरा राख्दै, अब धेरै कुराहरु थिए अब समयको पावन्दीले राख्न पाईएन । यसमा .मेरो आफ्नो दलको तर्फबाट र मेरो आफ्नो तर्फबाट यो जति पनि ल्याइएको छ यसमा पूरा मेरो दलको तर्फबाट समर्थन छ, यो नीति तथा कार्यक्रम विपरित छैन भन्ने कुरा राख्न चाहन्छु । धन्यवाद ।

माननीय सभामुख :-

माननीय सदस्यहरु, अब यो वैठक ३० मिनेटको लागि स्थगित हुन्छ ।